का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ पुस २०८१,
सोमबार
23 December, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३०४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रविसहित ४४ जनाविरुद्ध ३ कसुरमा मुद्दा

- ४२७ पृष्ठ लामो अभियोगपत्र
- सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख बिगो माग
- सम्पति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिमाना
- दीपेश पुन पनि प्रतिवादी
- भ्रष्टाचारविरोधी अभियन्ता भरत जंगम पनि पक्राउ
- निकिता पौडेलको नाममा रहेको सम्पति जफत गर्न माग
- सांसदबाट स्वत: निलम्बन

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको बहुचर्चित सहकारी ठगीसम्बन्धी मुद्दा अदालतमा दर्ता भएको छ ।

लमिछानेसहित ४४ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता भएको छ । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनीहरूविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी ३ वटा कसुरमा मुद्दा दर्ता भएको हो । मुद्दा दर्ताका लागि लामिछानेलाई आइतबार बिहान अदालतमा उपस्थित गराइएको थियो ।

लामिछानेविरुद्ध दायर भएको अभियोगपत्र ४२७ पृष्ठ लामो छ । अभियोगपत्रमा लामिछानेसहित ४४ जनालाई प्रतिवादी बनाइएको छ ।

कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धानपछि आइतबार मुद्दा दायर भएको हो ।

लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लीला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरुङविरुद्ध पृष्ठ २ मा

## के हुन्छ सांसद पद ?

लामिछानेविरुद्ध २ वटा कसुरमा मुद्दा दर्ता भएपछि उनी सांसद पदबाट निलम्बन हुने भएका छन् ।

कुनै पनि सार्वजनिक पदाधिकारीविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा दायर भएपछि पदबाट निलम्बित हुने कानुनी प्रावधान छ । सोहीअनुसार लामिछाने सांसद पदबाट निलम्बन हुने भएका हुन् ।

उनको निलम्बन प्रयोजनका लागि जिल्ला प्रहरी कार्यालय, कास्कीले सभामुख देवराज घिमिरेलाई जानकारी गराएको छ ।

जिल्ला प्रहरी प्रमुख एवं उपरीक्षक श्यामबाबु ओलियाले सभामुखलाई सम्बोधन गरी लेखेको पत्र संसद् सचिवालयमा पुगिसकेको छ ।

संघीय संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले प्रहरीको पत्र ढिला आएकाले सोमबार पत्र दर्ता हुने बताए । पृष्ठ २ मा

### डेढ अर्ब रुपैयाँ अपचलन

सरकारी वकिल कार्यालयका अनुसार सूर्यदर्शन सहकारीको जम्मा दायित्व १ अर्ब ५२ करोड ५५ लाख ४१ हजार ५६४ रुपैयाँ ३३ पैसा (शेयर र आम्दानीसमेत) हुन आएको छ, जसमा कुल अपचलन रकम कुल १ अर्ब ५१ करोड पृष्ठ २ मा

### रविपत्नीको सम्पत्ति जफत गर्न माग

सरकारी वकिलको कार्यालयले दायर गरेको मुद्दामा लामिछानेकी श्रीमती निकिता पौडेलको नाममा रहेको सम्पत्ति जफत गर्नसमेत माग गरेको छ ।

पौडेललाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ । पौडेललाई सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी पृष्ठ २ मा

### दीपेश पुनविरुद्ध पनि मुद्दा

पोखराको सूर्यदर्शनलगायतका सहकारी ठगी प्रकरणमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुनलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ ।

दीपेशसहित ३१ जनाविरुद्ध मुद्दा दर्ता गरिएको हो । दीपेशलाई पृष्ठ २ मा

### भरत जंगम पक्राउ

भ्रष्टाचारविरोधी अभियन्ता भरत जंगमलाई सहकारीको रकम अपचलनको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको छ ।

काठमाडौंका एसएसपी वसन्त रजौरेका अनुसार आइतबार सहकारीको रकम पृष्ठ २ मा

### रविको दाबी खण्डित

सहकारीको रकम अपचलन प्रकरणमा लामिछानेको दाबी एकपछि अर्को खण्डित भएको छ ।

गोरखा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक रहेको समयमा सहकारीसँगको कारोबारमा अनभिज्ञ रहेको दाबी पृष्ठ २ मा

# स्टार्टअप उद्यम कर्जामा युवाको आकर्षण

## ५ हजार आवेदनबाट उत्कृष्टलाई सर्ट लिस्ट

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

स्टार्टअप उद्यम कर्जाका लागि ५ हजार १५८ वटा परियोजना प्रस्ताव पेस भएका छन् । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले माग गरेको आवेदनमा स्टार्टअप उद्यम कर्जामा युवा उद्यमीको आकर्षण बढेको छ ।

नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका व्यक्तिलाई स्टार्टअप उद्यम कर्जाको दिनका लागि सरकारले चालू आर्थिक वर्षको बजेटमै १ अर्ब रुपैयाँ विनियोजन गरेको थियो । स्टार्टअप उद्यमलाई सरकारले प्राथमिकतामा राखेसँगै कर्जाका लागि आवेदन पृष्ठ २ मा



"मापदण्ड पूरा गरेका परियोजनाहरूलाई प्रतिष्ठानले प्रारम्भिक सूची तयार हुँदै छ । अब केही दिनभित्रै मिति र समय तोकी व्यावसायिक योजना प्रस्तुतीकरणका लागि आमन्त्रण हुने छ । अहिले प्राप्त आवेदन सर्ट लिस्टका लागि मूल्यांकन समितिका सदस्यले काम गर्नुभएको छ"

**ई. उमेशकुमार गुप्ता**
**निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**

### सर्ट लिस्ट तयार गर्दै प्रतिष्ठान

५ हजारभन्दा बढीको अवेदन परेको भए पनि कागजपत्र नै अपुग हुने आवेदनकर्ता धेरै छन् । मूल्यांकन समितिका एक सदस्यले भने, 'प्राप्त आवेदनलाई एक-एक गरी अध्ययन भइरहेको छ । तर, धेरै परियोजना स्टार्टअप योग्यतामा नपरेका छन् । सर्ट लिस्टमा धेरै आवेदनकर्ता घट्ने देखिन्छ ।'

मूल्यांकन समितिका सदस्यहरूले कुनै आग्रह/पूर्वाग्रह नराखी सर्ट लिस्ट तयार गरिरहेका उनको भनाइ छ । मूल्यांकन गर्दा कार्यविधिमा परियोजना ७ वर्ष ननाघेको, वस्तु वा सेवाको उत्पादन वा संचालन वा वितरण प्रक्रियामा नवीन प्रविधि एवं सिर्जनशील भएको र कुल चुक्ता पुँजी २ लाख रुपैयाँदेखि १० लाख रुपैयाँसम्म हुनुपर्ने छ ।

स्टार्टअप कर्जाका लागि छनोट भएका बढीमा ६०० जनाले कर्जा प्राप्त गर्ने छन् । यो वर्ष छानिएका स्टार्टअप परियोजनाले बढीमा २५ लाख रुपैयाँ कर्जा बिनाधितो पृष्ठ २ मा

# संविधान संशोधनको गृहकार्यमा दलहरू

सत्तारुढ कांग्रेस र एमालेले संयन्त्र बनाएर संविधान संशोधनको गृहकार्य अगाडि बढाउन खोजिरहेका बेला विपक्षी दलहरुले एजेन्डा नै प्रस्तुत गरिसकेका छन्



संविधान संशोधनको बहस प्रारम्भ भएको छ । केही दिनभित्रमा कांग्रेस र एमालेले एउटा संयन्त्र बनाउँछ । सुरुमा संविधानमा चलाउन सक्ने विषयमा समझदारी कायम गर्छौं र त्यसपछि अन्य राजनीतिक दलहरुसँग संवाद गर्छौं

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



निर्वाचन प्रणाली महँगो लागे पूर्ण समानुपातिकमा जाऔं । राजनीतिक स्थिरता चाहिए प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख ल्याऔं । संसदबाहिरबाट मन्त्री बनाए सांसद विधि निर्माणमै लाग्छन् । यी प्रमुख एजेन्डा हुन्

■ **देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाका अनुसार सत्तारूढ दलका तर्फबाट संविधान संशोधनको गृहकार्य अगाडि बढाउन संयन्त्र बनाइँदै छ ।

गत १७ असारमा कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमतिमा संविधान संशोधन गर्ने विषय उल्लेख छ । त्यसअनुसार औपचारिक रूपमा संविधान संशोधनको गृहकार्य अगाडि बढाउन सत्तारूढ दलले संयन्त्र बनाउन लागेका हुन् ।

आइतबार काठमाडौं महानगरपालिका वडा- ३० को वडा सम्मेलनलाई सम्बोधन गर्दै कांग्रेसका महामन्त्री थापाले सरकारमा सहभागी कांग्रेस र एमालेले संविधान संशोधनका लागि केही दिनभित्र नै संयन्त्र बनाएर काम सुरु गर्ने बताएका हुन् ।

'संविधान संशोधनको बहस प्रारम्भ भएको छ । केही दिनभित्रमा कांग्रेस र एमालेले एउटा संयन्त्र बनाउँछन्', महामन्त्री थापाले भनेका छन् । उनका अनुसार सुरुमा सत्तारूढ दलका बीचमा संविधानमा चलाउन सक्ने विषयमा समझदारी कायम गर्ने र त्यसपछि अन्य राजनीतिक दलहरूसँग संवाद गर्ने कांग्रेस र एमालेको तयारी छ ।

सत्तारूढ कांग्रेस र एमालेले संयन्त्र बनाएर संविधान संशोधनको गृहकार्य अगाडि बढाउन खोजिरहेका बेला विपक्षी दलहरूले भने एजेन्डा नै प्रस्तुत गरिसकेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले संविधान संशोधनका लागि ३ एजेन्डा अगाडि सारेको छ, जसमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पृष्ठ २ मा

# सांसदकै कम्पनीले अलपत्र पारेको बड्डीचौर-खम्बागाडे सडक

## सम्झौता अवधि थप, सडक निर्माण कार्यमा ठेकेदारको 'ब्रेक'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ७ पुस ।



६ साउन २०७९ मा पश्चिम सुर्खेतको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिका जोड्ने बड्डीचौर-खम्बागाडे सडकको शिलान्यास गरियो । भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय सुर्खेतअन्तर्गत बड्डीचौर-विभ्रेनी-बाबियाचौर-विद्यापुर सडक खण्डमा बन्ने उक्त सडकको कर्णाली प्रदेश सरकारका तत्कालीन सामाजिक विकासमन्त्री यज्ञबहादुर बुढा क्षेत्रीले शिलान्यास गरेका थिए । शिलान्यासमा मन्त्री बुढा क्षेत्रीले सडक पृष्ठ २ मा

FREE VISA, FREE TICKET सहित
UAE को ABU DHABI AIRPORT PROJECT को लागि रोजगार

कम्पनी: CAPITAL CATERING AND SERVICES- SOLE PROPRIETORSHIP LLC    शहर: ABU DHABI
पूर्व स्वीकृत मिति:२०८०/१२/२८    चलानी नं.: ६०२१८१९४    LT. No.: 303415    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook/commi III | 83 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३४० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Baker | 25 | 0 | | 1800 | ६६,५१० | | | | | | | |
| 3. | Bartender | 25 | 0 | | 2000 | ७३,९०० | | | | | | | |
| 4. | Butcher | 25 | 0 | | 2000 | ७३,९०० | | | | | | | |
| 5. | Catering Supervisor | 5 | 0 | | 2500 | ९२,३७५ | | | | | | | |
| 6. | Chef | 50 | 0 | | 4000 | १४७,८०० | | | | | | | |
| 7. | Chief Steward | 10 | 0 | | 2500 | ९२,३७५ | | | | | | | |
| 8. | Cleaner | 50 | 50 | | 930 | ३४,३६३ | | | | | | | |
| 9. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ९२,३७५ | | | | | | | |
| 10. | Commi Cook | 49 | 0 | | 1800 | ६६,५१० | | | | | | | |
| 11. | Cook | 50 | 0 | | 1400 | ५१,७३० | | | | | | | |
| 12. | Heavy Driver | 30 | 0 | | 2800 | १०३,४६० | | | | | | | |
| 13. | Life Guard | 25 | 0 | | 2500 | ९२,३७५ | | | | | | | |
| 14. | Light Driver | 25 | 0 | | 2000 | ७३,९०० | | | | | | | |
| 15. | Logistic Assistant | 75 | 0 | | 1092 | ४०,३४९ | | | | | | | |
| 16. | Office Boy/girl | 10 | 10 | | 1100 | ४०,६४५ | | | | | | | |
| 17. | Pastry Cook | 50 | 0 | | 2000 | ७३,९०० | | | | | | | |
| 18. | Pest Controller | 5 | 0 | | 1400 | ५१,७३० | | | | | | | |
| 19. | Salad Maker | 10 | 0 | | 1800 | ६६,५१० | | | | | | | |
| 20. | Sandwich Maker | 10 | 0 | | 1800 | ६६,५१० | | | | | | | |
| 21. | Steward | 82 | 49 | | 930 | ३४,३६३ | | | | | | | |
| 22. | Store Assistant | 28 | 0 | | 1092 | ४०,३४९ | | | | | | | |
| 23. | Storkeeper | 10 | 0 | | 2500 | ९२,३७५ | | | | | | | |
| 24. | Team Leader | 24 | 0 | | 2100 | ७७,५९५ | | | | | | | |
| 25. | Waiter/waitress | 95 | 45 | | 1200 | ४४,३४० | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालयमा धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता Mercure होटल सुकेधारा काठमाडौंमा मिति २०८१ पुस २७ गते (11 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

नोट
१. Compulsory Valid Passport 1 Minimum Year, Biodata, Tattoo not Allowed.
२. आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं ।
३. प्रि-अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

यसै कम्पनीको लागि Catering Assistant को पनि माग भई आएकोले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

Candidates who worked in Airlines in Logistic, Operation, Maintenance, FM, Lounges are encourage to apply. लजिस्टिक, सञ्चालन, मर्मतसम्भार, एफएम, लाउन्जहरू, एयरलाइन्समा काम गरेका आवेदकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

ThinkBiz
Govt. Lic. No. 1608/079/080
THINK BIZ INTERNATIONAL PVT. LTD.
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
www.thinkbiz.com.com  cv@thinkbiz.com.np  01- 5914635
Mobile: 9761819719 | 9761819720 | 9851158477 | 9851173837

**वैदेशिक रोजगार विशेष**

# श्रम मन्त्रालयले निर्णय नगरिदिंदा ओरिएन्टेसन शुल्कबारे अन्योल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ पुस ।

वैदेशिक रोजगार विभागले 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन सिस्टम' कार्यान्वयन गरेसँगै अभिमुखीकरणको शुल्क वृद्धिको आवाज उठ्न थालेको छ । विभागले ३ पुसदेखि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि औंठा छापबाट हाजिरी लिँदा अनियमितता भएको भन्दै उक्त सिस्टम कार्यान्वयनमा ल्याएको हो ।

हाल १४३ अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारलाई वैदेशिक रोजगारीमा उड्नु अगाडि अभिमुखीकरण तालिम दिने गरेका छन् । व्यवसायीहरूले तालिमको लागत बढेकाले शुल्क पनि सोहीअनुसार समायोजन गरिनुपर्ने माग गरेका छन् । अभिमुखीकरण क्षेत्रमा शुल्क बढाउने वा नबढाउने विषयमा लामै समयदेखि छलफल भए पनि टुंगो लाग्न सकेको छैन ।

वर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत् सिंह भण्डारीले आफ्नो अघिल्लो कार्यकालमा नै 'अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६'लाई संशोधन गरेर अन्य प्रावधानसहित शुल्क वृद्धिका लागि बाटो खोलिदिएका थिए । त्यसपछि आएका मन्त्री डोलप्रसाद अर्यालले उक्त कार्यविधि खारेज गरे ।

तत्कालीन मन्त्री अर्यालको उक्त निर्णयविरुद्ध तालिम प्रदायक संस्थामध्ये मल्टिपल ट्रेनिङ इन्स्टिच्युटलगायतले सर्वोच्चमा रिट दायर गरेका पृष्ठ २ मा

### इजरायल पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** प्रहरीले केयरगिभरमा इजरायल पठाइदिने भन्दै ३३ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोपमा गोरखाको पालुङटारका किशन कुमाललाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका अनुसार इजरायल पठाइदिन्छु भन्दै ४ जनाबाट ३३ लाख ५० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएपछि उनीविरुद्ध ठगीको उजुरी परेको थियो ।

हाल ग्रिनल्यान्ड सामाखुसी बस्दै आएका उनलाई प्रहरीले टेकुबाट पक्राउ पृष्ठ २ मा

# त्रिविका समस्याको पहिचान गरी समाधानसहितको प्रस्ताव ल्याउन निर्देशन

काठमाडौं/मस-प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अग्रसरतामा त्रिभुवन विश्वविद्यालयमा देखिएका विविध समस्या र सुधारका विषयमा विश्वविद्यालयसभाको अनौपचारिक बैठक सम्पन्न भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज करिब तीन घन्टा भएको अनौपचारिक सिनेट बैठकमा विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिले क्षेत्रगत समस्या र समाधानका उपाय सुझाएका छन्।

प्रधानमन्त्री ओलीले सबै क्षेत्रका समस्या र मागलाई समेटेर सरोकारवाला पक्षसँग थप छलफल गरी समाधानका उपायसहित निर्णय गर्नुपर्ने विषयहरु प्रस्तावका रुपमा ल्याउन विश्वविद्यालयका पदाधिकारीलाई निर्देशन दिएका थिए।

गत मंसिर २७ गते कीर्तिपुरमा भएको विश्वविद्यालयको सिनेट बैठकमा



प्रस्तुत कार्यसूचीमा पदाधिकारी र सिनेट सदस्यबीचको दूरी बढेको महसुस भएपछि कुलपति ओलीले विस्तृत छलफल गर्न आइतबारका लागि समय निर्धारण गरेका थिए। सिनेट सदस्यहरुले कुलपतिस्तरबाट यस प्रकारको बैठक पहिलो पटक राखिएको र आफ्ना कुराहरु खुलेर राख्न पाइएको बताएकामा धन्यवाद दिएका थिए।

सिनेट सदस्यका सुझाव सुनेपछि प्रधानमन्त्री ओलीले पर्याप्त गृहकार्य र एक प्रकारको सहमति भएपछि औपचारिक बैठकमा प्रस्ताव ल्याउन आग्रह गरे। गत मंसिर २७ गतेको सिनेट बैठकका छलफललाई बंग्याएर सामाजिक सञ्जालमा प्रस्तुत गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले सिनेटरहरु सार्वजनिक खपतका लागि नभई समस्या समाधान र सुधारको मुख्य मुद्दामा तर्कपूर्णरुपमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

प्रधानमन्त्री ओलीले आफूलाई विश्वविद्यालयबाट व्यक्तिगतरुपमा लिनुदिनु (लाभहानी) केही नभएको स्पष्ट गर्दै त्रिविको विकास, रक्षा, प्रवर्द्धन र प्रगति नै साझा चिन्ता हुने भएकाले यसको मर्यादा, गरिमा र साखलाई जोगाउन आग्रह सबैलाई गरे।

कुलपति ओलीले त्रिविको वेवसाइटमा यसका जनशक्ति, गरिएका काम र लक्ष्यहरुलाई सार्वजनिक गर्न आग्रह गर्दै यस खालको पवित्र संस्थामा पारदर्शीता कायम गर्न स्मरण गराए। 'विश्वविद्यालयको शैक्षिक क्यालेण्डर पालना हुनुपर्छ। अनौपचारिक बैठक भएपनि यसलाई निर्देशन नै मान्दा हुन्छ। विश्वविद्यालयमा पारदर्शीता हुनुपर्छ। मेरिटोक्रेसी कायम हुनुपर्छ। उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ। फेल भएकालाई फेल गराइनुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो। मलाई कुन डीनको कति मेरिटोक्रेसी छ मलाई थाहा छैन। को नियुक्त हुन्छ, त्यो मेरो रुचिको विषय होइन, मेरो रुचिको विषय यो विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन हुन् भन्ने हो।

नियुक्तिहरुमा मेरो कुनै हस्तक्षेप हुँदैन। निर्णय गर्ने पदाधिकारीले हो, त्यसकारण सफलता र असफलताको जस तपाईंहरुले लिनुपर्छ। कुलपतिका हैसियतले राम्रो गर्नुस् भन्ने मात्रै मेरो चासो हो। यसलाई पनि हस्तक्षेप मानिए त आश्चर्यबाहेक अरु के मान्न सकिन्छ र?'

उनले त्रिविको चल-अचल सम्पति खोजबिन समितिको प्रतिवेदन अध्ययन तथा कार्यान्वयनका लागि कार्यदल बनाउनुपर्ने र प्रतिवेदन पर्याप्त नभएकाले थप अध्ययन गर्नुपर्ने बताए। प्रधानमन्त्री ओलीले त्रिवि सेवा आयोगले नियमित परीक्षा लिने काम नगर्ने हो भने यसको औचित्यमा पुनः विचार गर्न आग्रह गरे।

## २ विश्वविद्यालयमा नयाँ उपकुलपति

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा.धनेश्वर नेपाल र पोखरा विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. वेदराज केसीलाई नियुक्त गरेका छन्।

दुवै विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले रिक्त उपकुलपतिमा नेपाल र केसीलाई नियुक्त गरेका उनको सचिवालयले जनाएको छ।

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकी विद्यापीठ ज्योतिष विभागका अध्यक्ष रहेका प्राडा नेपालले यसअघि विश्वविद्यालयका परीक्षा नियन्त्रक भएरसमेत काम गरिसकेका छन्।

नेपाल प्राध्यापक संघ, नेपाल संस्कृत विश्वविद्यालयको महासचिव रहेर पनि काम गरिसकेका छन्। प्रजातन्त्रवादी प्राध्यापकका रूपमा सक्रिय नेपालले १३ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपकुलपतिमा नियुक्त भएका हुन्। यसैगरी पोखरा विश्वविद्यालयको उपकुलपतिमा नियुक्त केसीले १२ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपकुलपति नियुक्त भएका हुन्। केसी नेपाल प्रगतिशील प्राध्यापक संगठनका अध्यक्ष छन्।

### रविसहित...

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो। कास्की जिल्ला अदालतका निमित्त स्रेस्तेदार ख्यामनारायण लामिछानेका अनुसार विभिन्न ८ वटा कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ। त्यस्तै, ५ जनाको सम्पत्ति जफत गर्नुपर्ने सरकारी वकिलको कार्यालयको राय छ। समग्रमा ४४ व्यक्ति र कम्पनीलाई प्रतिवादी बनाइएको छ।

प्रहरीले लामिछानेसहित ५१ जनाबाट डेढ अर्ब रुपैयाँ बिगो असुल्नुपर्ने र सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने राय दिएको थियो। लामिछानेका हकमा सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिमाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

### के हुन्छ...

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (संशोधनसहित)को दफा २७ अनुसार कुनै पनि राष्ट्र सेवक वा पदाधिकारी थुनामा रहेको अवस्थामा वा उनीमाथि मुद्दा दायर भएको अवस्थामा मुद्दाको किनारा नलागेसम्म निजको पद स्वतः निलम्बन हुन्छ।

'यदि राष्ट्र सेवक वा कुनै पदाधिकारी थुनामा रहेको वा मुद्दा दायर भएको अवस्थामा त्यस अवधिभर स्वतः निलम्बन भएको मानिने छ', ऐनमा भनिएको छ।

यससँगै प्रतिनिधिसभा संचालन नियमावली, २०७९ को दफा २४८ को उपनियम ३ ले पनि सांसद पद निलम्बनसम्बन्धी स्पष्ट निर्देशन दिएको छ। नियमावलीअनुसार ३ वर्ष वा सोभन्दा बढी कैद सजाय हुने नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा त्यस्तो अवधिभर सांसदको पद स्वतः निलम्बन हुने छ।

यस अवधिमा सांसदले कुनै अधिकार उपभोग गर्न, सेवा सुविधा प्राप्त गर्न वा आफ्नो हैसियतमा कुनै कार्य गर्न पाउने छैनन्। थुनामा रहेको अवधि अवधिभर पारिश्रमिक, सेवा र सुविधासमेत रोक्का हुने प्रावधान छ।

यसअघि पनि लामिछानेको सांसद पद निलम्बनमा परेको थियो। विदेशी नागरिकता त्यागेपछि नेपाली नागरिकता पुनः लिने कानुनी प्रक्रिया पूरा नगरेकाले लामेछाने प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्न र त्यसरी निर्वाचित भएको पदमा बस्न अयोग्य हुने फैसला सर्वोच्च अदालतले १३ माघ २०७९ मा गरेको थियो। सर्वोच्चको संवैधानिक इजलासले लामिछानेको सांसद पद खारेज हुने फैसला गरेको थियो।

त्यस बेला उनी उपप्रधान तथा गृहमन्त्रीसमेत थिए। उनी मन्त्रीसहित सांसदबाट स्वतः बर्खास्त भएका थिए।

त्यसपछि उनी १० वैशाख २०८० मा भएको उपनिर्वाचनमा चितवन- २ बाटै पुनः भारी मतका साथ विजयी बने। त्यसअघि ४ मंसिर २०७९ मा भएको निर्वाचनमा पनि उनी त्यहीँबाटै निर्वाचित बनेका थिए।

दोस्रो पटक निर्वाचित भएपछि पनि लामिछाने पुनः उपप्रधान एवं गृहमन्त्री बनेका थिए।

### डेढ...

४० लाख १९ हजार १९४ रुपैयाँ (शेयरसमेत) रहेको कार्यालयले जनाएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीका सूचना अधिकारी शान्तिदेवी शर्माका अनुसार लामिछानेमाथि सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख ४४ हजार ५ रुपैयाँ बिगो माग गरिएको छ। यसैगरी छविलाल जोशीमाथि ७४ करोड ७१ लाख ५५ रुपैयाँ बिगो माग गरिएको छ।

जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गत वर्ष मुद्दा दायर भएका १९ जनाविरुद्ध कसुर र बिगो थप गर्दै पूरक अभियोगपत्र शुक्रबार नै अदालतमा दर्ता गरेको थियो।

सहकारी ठगीका मुख्य योजनाकार जी. बी. राईलाई संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनविरुद्धको कसुरमा मुद्दा चलाइएको छ।

यसअघि १ पुसमा कास्की प्रहरीले लामिछानेमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गरी सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको थियो। सोही प्रतिवेदन अध्ययन गरी सरकारी वकिलको कार्यालयले आइतबार अदालतमा लामिछानेविरुद्ध अभियोग दर्ता गरेको हो।

प्रतिवेदनमा लामिछाने, पूर्वडीआईजी जोशीलगायतसँग डेढ अर्ब रुपैयाँ बिगो असुल र सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने प्रहरीको राय थियो।

सहकारी ठगीमा सामूहिक बिगो १ करोड ६२ लाख, व्यक्तिगत बिगो १ करोड ७५ लाखसहित सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख रुपैयाँ बिगो कायम गर्नुपर्ने अनुसन्धान प्रतिवेदनमा छ।

यस्तै, सहकारी ठगीका मुख्य योजनाकार भनिएका जी. बी. राईलाई संगठित अपराध, सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा चलाइएको छ।

सहकारी ठगी प्रकरणमा लामिछाने २ कात्तिकमा पक्राउ परेका थिए। सहकारी ठगी प्रकरणमा लामिछानेसहित अन्य ४ जनाविरुद्ध ५ जिल्लामा उजुरी परेको थियो। सोही उजुरीका आधारमा लामिछानेसहित अन्य चारै जनालाई कास्की, चितवन, काठमाडौं, रुपन्देही र पर्सा पुऱ्याएर बयान लिइएको थियो।

सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रा. लि.को खातामा आएको र उक्त रकम खर्च गर्ने प्रक्रियामा लामिछानेसमेतको सहभागिता देखिएको संसद्ले गठन गरेको छानबिन विशेष समितिले ठहर गरेको थियो। तर, लामिछानेले देशभरका कुनै पनि सहकारीको रकम हिनामिनामा आफ्नो संलग्नता नभएको दाबी गर्दै आएका छन्।

गोरखा मिडिया नेटवर्कमा देशभरका ९ वटा सहकारीको रकम अपचलन भएको संसदीय समितिले निष्कर्ष निकाले थियो। प्रतिवेदनमा उल्लेख भएअनुसार गोरखा मिडिया नेटवर्कमा पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा र वीरगन्जको सानो पाइलाको रकम अपचलन भएको छ। त्यस्तै, इमेज, समानता, सुमेरु र आइएमईबाट पनि गोरखा मिडियामा रकम अपचलन भएको प्रतिवेदनमा उल्लेख छ।

### रविपत्नीको...

बनाएर कास्की जिल्ला अदालतमा मुद्दा दायर गरिएको हो। सम्पत्ति जफत प्रयोजनका लागि उनीसहित ५ जनालाई प्रतिवादी कायम गरिएको छ।

सम्पत्ति जफतका लागि निकितासँगै पद्मा बन्जाडे, रोचक जोशी, राधा पछाई, मीना पछाईलाई प्रतिवादी बनाइएको अभियोगपत्रमा उल्लेख छ। उनीहरूको हकमा अदालतबाटै कानुनबमोजिम हुने भनिएको छ।

लामिछाने दम्पतीको सम्पत्ति छानबिन गर्दा विभिन्न बैंक खातामा २८ करोड ९१ लाख ३६ हजार ९६७ रुपैयाँ ६१ पैसा जम्मा गरेको पाइएको छ।

प्रहरीले सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्दा बैंकमा सबैभन्दा धेरै निकिताकै खाताबाट कारोबार गरेको देखिन्छ।

रविले सम्पत्ति शुद्धीकरणबाट बच्न निकिताको खाता प्रयोग गरेको हुन सक्ने अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरू बताउँछन्।

अदालतमा पेस भएको अभियोगपत्रअनुसार रविका एकल ३ वटा, निकिताका एकल १३ वटा र रवि-निकिताको संयुक्त एउटा गरी १८ वटा खातामा अस्वाभाविक कारोबार गरेको भेटिएको छ।

१९ अगस्ट २०११ देखि २५ नोभेम्बर २०२४ सम्मको कारोबार हेर्दा उनीहरूको खाताबाट कुल २९ करोड ७ लाख ८४ हजार ४६९ रुपैयाँ १५ पैसा झिकेको पाइएको छ।

हाल रवि-निकिताको खातामा जम्मा ७ लाख ७४ हजार ७७४ रुपैयाँ ५९ पैसा जम्मा देखिन्छ।

रविको एकल खाता रहेका बैंकहरू ग्लोबल आइएमई, नेपाल बैंक लिमिटेड र सिद्धार्थ बैंक छन्। निकिताको भने सिद्धार्थ, लक्ष्मी सनराइज, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक, ग्लोबल आइएमई बैंक, हिमालयन बैंक छन्।

### दीपेश...

फरार प्रतिवादी बनाइएको छ। दीपेश प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीका निवर्तमान महासचिवसमेत हुन्।

### भरत...

दुरुपयोगबारे अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको हो।

जंगम बानेश्वरस्थित साई स्वागत सहकारीका पूर्वअध्यक्ष हुन्। उनीसँगै सहकारीका तत्कालीन कोषाध्यक्ष लुमन दाहाल पनि फक्राउ परेका छन्।

सहकारीको आर्थिक अपचलनका सम्बन्धमा लामो समयदेखि छानबिन चल्दै आएको थियो। यसै सन्दर्भमा प्रहरीले उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको जनाएको छ।

पक्राउ परेका दुवै जनालाई हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले अनुमति दिएको छ।

साई स्वागत सहकारीका निवर्तमान उपाध्यक्ष रवि लामिछानेकी पत्नी निकिता पौडेल हुन्।

### रविको...

लामिछानेको थियो।

आफ्नै हस्ताक्षर भएका चेकहरूमार्फत नियमित रूपमा सहकारीलाई रकम भुक्तानी दिएको प्रमाण भेटिएकाले सहकारी संस्थाहरूसँगको कारोबारको विषयमा आफू अनभिज्ञ रहेको उनले भन्दै आएका थिए।

आइतबार अदालतमा पेस हुँदासमेत उनले सहकारी ठगीमा आफ्नो संलग्नता नरहेको जिकिर गरे। 'सहकारीको रकम अपचलन गर्नमा मेरो संलग्नता नभएको कुरा संसदीय छानबिन विशेष समितिले पेस गरेको प्रतिवेदनमा समेत स्पष्ट रूपमा उजागर भइसकेको अवस्था छ। म यी कसुरमा कहीँ कतै कुनै पनि तवरबाट संलग्न छैन र थिइनँ', उनले दाबीका साथ भने।

यस्तै, उनले जी. बी. राईले सहकारीबाट पैसा ल्याएको जानकारी आफूलाई नदिएको समेत बताए। 'म सम्बद्ध गोर्खा मिडियाले मेरो जानकारी, सहमति, उपस्थिति वा योजनामा कुनै पनि सहकारी संस्थाबाट पैसा लिने लिखित वा मौखिक कुनै प्रकारको सहमति, सम्झौता, करार गरेको थिएन', लामिछानेले भने, 'उनीहरूले गरेको लगानीको स्रोत सहकारी संस्थाबाट आएको भन्ने कुरा स्थापित हुने कुनै आधिकारिक दस्तावेज गोर्खा मिडियामा प्राप्त छैन र थिएन।'

### स्टार्टअप...

दिनेको संख्या बढेको हो। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका निर्देशक ई. उमेशकुमार गुप्ताले प्राप्त आवेदन सर्ट लिस्टको काम भइरहेको बताए। उनले भने, 'मापदण्ड पूरा गरेका परियोजनाहरूलाई प्रतिष्ठानले प्रारम्भिक सूची तयार गर्दै छ। अब केही दिनमै मिति र समय तोकी व्यावसायिक योजना प्रस्तुतीकरणका लागि आमन्त्रण गरिने छ। प्रस्तुतीकरणका लागि उपस्थित नभएका परियोजनाहरू स्वतः छनोटमा पर्ने छैनन्।'

प्रस्तुतीकरण गरेका परियोजनामा बढी अंक प्राप्त गर्ने प्रस्तावलाई प्राप्तांकको आधारमा प्राथमिकीकरण गरी कर्जा प्रवाह गर्न बैंकमा सिफारिस हुने उनले बताए।

उद्यमशील कर्जाअन्तरगत कार्यक्रमबाट ३ प्रतिशत ब्याज दरमा कर्जा प्रवाह गर्नेगरी स्टार्टअप उद्यम कर्जा प्राप्त गर्न सक्ने छन्। कर्जा प्रवाहका लागि प्रतिष्ठानले राष्ट्रिय वाणिज्य बैंकसँग सम्झौतासमेत गरिसकेको छ।

### सर्ट...

३ प्रतिशत ब्याज दरमा पाउने छन्। प्रतिष्ठानले १६ वटा स्टार्टअप उद्यम छुट्याएर आवेदन माग गरेको हो।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले ११ देखि ३१ भदौसम्म स्टार्टअप उद्यमहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्न प्रस्ताव आह्वान गरेको थियो। ३१ भदौमा भौतिक र अनलाइनका माध्यमबाट ५ हजार १५८ परियोजनाका प्रस्ताव आएका थिए।

गत आर्थिक वर्षमा १ हजार ६५८ परियोजनामध्ये कर्जाका लागि प्रतिष्ठानले १८३ उद्यमीलाई सिफारिस गरेको थियो। त्यसमध्ये जम्मा १६५ स्टार्टअप उद्यमीले कर्जा लिइरहेका छन्। सरकारले ५ वर्षभित्र १० हजार स्टार्टअपलाई प्रवर्द्धन गर्ने र १ लाख रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ स्टार्टअप उद्यम परियोजना बनाएको हो।

### संविधान...

पूर्ण समानुपातिक निर्वाचन प्रणाली र सांसद मन्त्री बन्न नपाउने विषय छन्। यी विषय माओवादीले संविधान जारी हुँदै पनि राखेको थियो।

त्यसबेला कांग्रेस र एमालेले यी एजेन्डामा सहमति जनाएका थिएनन्। कांग्रेस र एमालेको सहमतिबिना यी विषय अघि बढ्न नसक्ने भएपछि माओवादीले यी ३ वटै एजेन्डालाई संविधानमा 'नोट अफ डिसेन्ट'का रूपमा राखेको थियो।

ठूला दलले संविधान संशोधनको विषय अगाडि सारेपछि माओवादीले विगतमा आफूले 'नोट अफ डिसेन्ट'का रूपमा राखेका मुद्दालाई पुनः अगाडि सारेको हो।

माओवादी केन्द्रको यही २१ पुसमा केन्द्रीय समितिको बैठक बस्दै छ, जहाँ संविधान संशोधनको विषयमा समेत छलफल हुने महासचिव देव गुरुङ बताउँछन्।

उनी भन्छन्, 'निर्वाचन प्रणाली महँगो लागे पूर्ण समानुपातिकमा जाऔं। राजनीतिक स्थिरता चाहिए प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख ल्याऔं। संसद्बाहिरबाट मन्त्री बनाए सांसद विधि निर्माणमै लाग्छन्। यी प्रमुख एजेन्डा हुन्।'

कांग्रेस र एमालेबीच सत्ता साझेदारीको सहमति भएसँगै संविधान संशोधनको एजेन्डा बहसमा आएको हो। नयाँ सरकार बनेको ५ महिनापछि सत्तारूढ दल संयन्त्र निर्माणमा लागेका हुन्।

संविधान प्रारम्भ भएपछि अभ्यासमा देखापरेका सबल र कमजोर पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने प्रमुख २ दलको प्रतिबद्धता छ। तर, संशोधनको विषयवस्तु भने सत्तारूढ दलहरूले औपचारिक रूपमा सार्वजनिक गरेका छैनन्।

संविधानले केही संवैधानिक आयोगको काम कारबाही पुनरावलोकनबाहेक अन्य विषय कति समयमा परिमार्जन हुने भनेर यकिन गरेको छैन। १० वर्षमा संवैधानिक आयोगको काम मूल्यांकनको समयसीमा तोकेको छ।

विषयवस्तु सार्वजनिक नगरे पनि संशोधनमा सत्तारूढ दलले गृहकार्य अगाडि बढाएसँगै विपक्षी दलहरूले पनि आफ्ना एजेन्डा अगाडि सारेका हुन्।

नेकपा (एकीकृत समाजवादी)ले भने संविधान संशोधन सुझाव कार्यदल नै गठन गरेर गृहकार्य अगाडि बढाइसकेको छ। हालै सम्पन्न स्थायी कमिटीको बैठकले उपाध्यक्ष प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको हो।

त्यसमा गरिमा शाह, गणेश वि. क., बलदेव चौधरी, रामचन्द्र यादव, घनप्रसाद गौतम र राजन राई सदस्य छन्। पदाधिकारी, पोलिटब्युरो र स्थायी समितिमा रहेकाहरूलाई संविधान संशोधन सुझाव कार्यदलमा राखिएको हो। संयोजक ज्वालाका अनुसार संविधान संशोधनका एजेन्डाबारे कार्यदलले गृहकार्य अगाडि बढाएको छ।

### सांसदकै...

निर्माण, कालोपत्रेसहित जिम्मा लिएको अनक-जयदेवी जेभी बाँकेलाई समयमै काम सम्पन्न गर्न निर्देशन दिएका थिए। तर, उनले दिएको निर्देशनको ठेकेदार कम्पनीले सोझै अवज्ञा गऱ्यो।

सडक निर्माणले पूर्णता पाउने छाँटकाँट भने अझै पनि कतै देखिएको छैन। स्थानीय तहले निर्माण कार्यलाई बेवास्ता गर्दा सडक अलपत्र भएको स्थानीयको आरोप छ।

**सम्झौता अवधि थप, काममा 'ब्रेक'**

निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीले काममा अहिले पनि सुरसार गरेको छैन। सम्झौता अवधि सकिएर फेरि आउँदो असारसम्मका लागि १ वर्ष समय थप गरिएको छ। २ वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी ठेक्का लगाइएको सुर्खेतको बड्डीचौर- खम्बागाडे सडकको सम्झौता अवधि गत २४ असारमै सकिएको थियो।

तर, सम्झौताको पहिलो म्याद सकिँदासम्म सडक निर्माणको भौतिक प्रगति भने जम्मा १८ प्रतिशत मात्र भएको छ। १३ किलोमिटर सडकको स्तरोन्नतिसहित कालोपत्र गर्नका लागि पूर्वाधार विकास निर्देशनालय सुर्खेत र अनक जयदेवीबीच १४ असार २०७९ मा सम्झौता भएको थियो।

निर्माण कम्पनीले ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँमा ठेक्का लिएको थियो। २ वर्षमा सक्ने भनिएको निर्माण कार्यको सम्झौता अवधि सकिएर फेरि आउँदो असारसम्मका लागि १ वर्ष समय थप गरिएको छ। थपिएको समय अवधिभित्र काम सक्नेगरी निर्माण कम्पनीले अझै केही सुरसार गरेको छैन। काममा ढिलाइ गरेपछि निर्माण कम्पनीको चौतर्फी आलोचना भइरहेको छ।

दबाब दिन स्थानीयले रूख-रूखमा ठेकेदारको फोटो टाँसेर विरोध गरेका थिए। बर्खामा हिलाम्य र हिउँदमा धुलाम्य हुने यो सडकमा पश्चिम सुर्खेतका बराहताल, पञ्चपुरी र चौकुने गाउँपालिकाका नागरिक सकसपूर्ण यात्रा गर्न बाध्य छन्।

संघीय सरकारले मदन भण्डारी राजमार्गअन्तर्गत राखेको भए पनि स्तरोन्नतिको काममा ढिलाइ भएको भन्दै सोही मापदण्डबमोजिम निर्माण गर्नेगरी कर्णाली प्रदेश सरकारले बड्डीचौर-खम्बागाडेसम्मको सडक खण्डको ठेक्का लगाएको थियो।

निर्माणको जिम्मा लिएका दिक्पाल शाही हाल दैलेख निर्वाचन क्षेत्र नं.- २ बाट प्रतिनिधिसभा सदस्य छन्। शाही सांसदमा निर्वाचित भएपछि भने कम्पनीको जिम्मेवारी उनका छोरा सन्देश शाहीले सम्हाल्दै आएका छन्।

निर्माण कम्पनीले रूख कटान, जग्गा भोगाधिकारलगायतका सरकारी प्रक्रियामा ढिलासुस्ती भएका कारण नै काममा सुस्तता आएको दाबी गरेको छ। त्यस्तै, बालुवा, गिट्टी संकलनका लागि स्थानीय तहबाट उचित सहयोग नपाएको आरोप पनि निर्माण कम्पनीले लगाएको छ।

यता, स्थानीय तह भने आफूहरूबाट निर्माण कार्यका लागि आवश्यक सबै सहयोग भइरहेको बताउँछ। रूख कटान बाँकी छाडेर अन्य ठाउँमा काम गर्न सकिने अवस्था भए पनि ठेकदार कम्पनीले रूखलाई नै देखाएर ढिलासुस्ती गरिरहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ।

आई. इ. इ. प्रतिवेदनअनुसार उक्त सडक खण्डमा ८०० रूख कटान गर्नुपर्नेछ। तर, रूख कटान गर्नु नपर्ने करिब आधाभन्दा बढी क्षेत्रफलमा पनि काम नगरेको पूर्वाधार निर्देशनालयको भनाइ छ।

सडक निर्माणमा भइरहेको ढिलाइबारे गत साउनमा कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले समेत सम्बन्धित कार्यालय र निर्माण व्यवसायीलाई राखेर छलफल गरेका थिए। तर, छलफलपछि पनि निर्माण व्यवसायीले काम सुरु गरेका छैनन्। थप गरिएको १ वर्षभित्रै निर्माण सम्पन्न गर्नेगरी काम गर्न बारम्बार ताकेता गरिरहेको पूर्वाधार निर्देशनालयको भनाइ छ।

सडक संजाल नागरिकको सहजता र विकासका लागि अतिमहत्त्पूर्ण पक्ष हो। त्यसैले राजनीतिक आडमा ठेक्का लिने तर समयमै काम सम्पन्न नगर्दा पश्चिम सुर्खेतवासीले दुःख त पाएका छन् नै, यो कार्यले देशको नियम कानुनलाई नै गिज्याइरहेको र देशमा जे काम पनि कहिल्यै समयमा पूरा हुँदैन भन्ने भाष्यलाई स्थापित गर्न झन् मलजल गरिरहेको स्थानीयको भनाइ छ।

### श्रम...

थिए। सर्वोच्च अदालतले उक्त रिटमा सुनुवाइ गर्दै गत ३ जेठमा तत्कालीन मन्त्री अर्यालको निर्णयलाई उल्टयाइदिएको छ।

तत्कालीन मन्त्री अर्यालको निर्णयलाई सर्वोच्चले उल्टयाइदिएपछि वर्तमान मन्त्री भण्डारीले जारी गरेको कार्यविधि स्वतः ब्युँतिएको जानकारहरू बताउँछन्। कार्यविधिमा अभिमुखीकरण तालिमका लागि २ हजार १०० र परीक्षाबापत ७०० गरी २ हजार ८०० रुपैयाँ लिन पाउने व्यवस्था छ।

संशोधित कार्यविधिअनुसार तालिम प्रदायक संस्थाका लागि जनशक्ति तथा पूर्वाधारसम्बन्धी नयाँ मापदण्ड पनि तोकिएको छ।

यो सिस्टम लागू भएपछि प्रत्येक प्रशिक्षण कक्षामा ८४ इन्चका २ वटा स्मार्ट बोर्ड, कम्प्युटर प्रिन्टर र विभागको फेमिस सिस्टमसँग मेल खाने आइरिस रेटिना स्क्यानर अनिवार्य गरिनुका साथै र तालिमको अवधि पनि बढाइएको छ।

व्यवसायीहरूले नयाँ सिस्टम लागू गरेपछि नयाँ शुल्क तोकिनुपर्ने माग गरिरहेका छन्। तर, वैदेशिक रोजगार विभागका निर्देशक गुरुदत्त सुवेदीले नयाँ सिस्टम लागू भए पनि शुल्कका विषयमा नयाँ निर्णय नभएको बताए। तर, केही व्यवसायीले नयाँ कार्यविधिअनुसार आइरिस रिकोग्नेसन सिस्टम लागू भएपछि शुल्क पनि स्वतः बढेको दाबी गरेका छन्।

नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले सर्वोच्च अदालतले नै आदेश दिएको अवस्थामा नयाँ शुल्क कायम हुनुपर्ने व्यवसायीको जिकिर उचित रहेको बताए।

उनले यस विषयमा श्रम मन्त्रालयले छिटो टुंगो लगाउनुपर्ने माग गरे। विभागले आइरिस रिकोग्नेसन सिस्टम लागू गरेपछि वैदेशिक रोजगारमा जाने कामदारहरूको तालिममा सहभागिता बढेको र प्रभावकारी देखिएको बताएको छ।

### इजरायल...

गरेको हो। इजरायलको नाममा ठगी गर्ने धेरै व्यक्ति र संस्था देखिएपछि विगतमा वैदेशिक रोजगारीको प्रलोभन देखाउने कसैसँग रकमको कारोबार नगर्न सार्वजनिक आह्वान नै गरिएको थियो। इजरायलमा युद्ध चर्केपछि यसअघि छनोट भएका कामदार जान पाएका छैनन्।

त्यसैगरी प्रहरीले यूएई पठाइदिने प्रलोभन दिएर २ लाख ५० हजार ठगी गरेको उजुरीका आधारमा खोटाङ दिप्रुङ चुइचुम्माका युवक खड्कालाई पनि पक्राउ गरेको छ। दुवै जनालाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ।

मध्यान्ह
www.madhyanhadaily.com



# ‘महिलालाई पद दिनै गाह्रो मान्छन्’

**उषा किरण पन्थ/मध्यान्ह**
रुपन्देही, ७ पुस



नेपालको संविधानले महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्दै उनीहरूलाई हरेक क्षेत्रका नीति-निर्माण तहमा ल्याउन विशेष प्रावधान गरेको छ । तर, लुम्बिनी प्रदेशको राजनीतिक संरचनाले भने संविधानको यो मर्मलाई पूर्ण रूपमा आत्मसात् गर्न सकेको छैन ।

लुम्बिनी प्रदेशमा महिलाको प्रतिनिधित्व मात्र संख्या पूर्तिमा सीमित भएको देखिन्छ । कार्यकारी भूमिकामा भने महिलाको अवस्था अत्यन्त कमजोर छ । लुम्बिनी प्रदेशमा कार्यकारी तहमा महिलाको उपस्थिति नाम मात्रैको छ । प्रदेशको स्थापना भएयता सात वर्षको अवधिमा आठ पटक सरकार परिवर्तन हुँदा सबै मुख्यमन्त्री पुरुष मात्रै भए । ५४ जना मन्त्रीमध्ये जम्मा ८ महिलाहरु मन्त्री भएका छन् । त्यसमध्ये पनि दुईजना राज्य मन्त्री भए । मन्त्रालयका हिसाबले हेर्दा असाध्यै कमजोर र कम बजेट भएका मन्त्रालयमा मन्त्री भए ।

लुम्बिनी प्रदेशको पछिल्लो सरकार हेरौं । यहाँ चेतनारायण आचार्य नेतृत्वमा १२ मन्त्रालय छ । तर, ११ मा पुरुष नै मन्त्री छन् । एउटा उर्जा जलश्रोत तथा सिचाइ मन्त्रालय महिलालाई दिएको छ । जसको नेतृत्व नेकपा एमालेबाट सीता शर्मा चौधरीले गरेकी छन् । दलहरुले महिलालाई मन्त्री पद नदिएपछि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई पुन सामाजिक विकास मन्त्रालयमा गाभिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले गठबन्धन सरकार भएकाले सबै दलहरु समेट्न पर्ने तर मूख्य पदमा महिला नहुने र महिलालाई प्राथमिकता नदिने समस्या रहेको बताए । उनले अन्तिम समयसम्म पनि महिला प्रतिनिधि नपठाएपछि महिला मन्त्रालय गाभिएको जनाए । मुख्यमन्त्री आचार्यले भने, ‘एमालेका तर्फबाट सीता शर्मा चौधरी मन्त्री बन्नुभएको छ । कांग्रेस लगायतका अन्य दलबाट महिला पठाउनुभएन । यसले उपस्थिति पनि कम भएको हो । महिला मन्त्रालय पनि गाभिएको हो ।’

संविधानले स्थानीय तहदेखि प्रदेश र संघसम्म महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरेको छ । दलहरुले महिलालाई प्राथमिकता नदिँदा संविधान कार्यान्वयनकै विषय चुनौतीपूर्ण छ । महिला सशक्तिकरणका प्रयासहरूमाथि ठोस प्रश्नचिन्ह खडा गर्ने विषय बनेको छ । दलहरुले नै महिलालाई प्राथमिकता दिएका छैनन् । दलमा प्रमुख पदमा महिला नहुँदा सदनमा पुगेपनि महिलाहरु सरकारमा पुग्न सकेका छैनन् । सिधा भन्ने हो भने, सदनमा पुगेका महिलाको सरकारमा पुग्ने बाटो आकाशको फल आँखा तरी मर जस्तै भएको छ ।

सरकारसँगै संसदीय समितिमा पनि उनीहरु कमजोर छन् । लुम्बिनी प्रदेशमा दलको प्रमुख सचेतक कांग्रेसमा मात्र छ । केही समयअघि जमुना ढकाल एक मात्र महिला सचेककारुपमा रहेकी छन । पछिल्लो सरकार गठनसम्म ढकाल मन्त्री बन्ने लाइनमा थिइन् । तर, दलले तत्कालिन सचेतक जन्मजय तिमिल्सिनालाई सामाजिक विकास मन्त्री बनायो । जमुनालाई प्रमुख सचेतक बनाइयो ।

प्रमुख सचेतक ढकालले दलमा भरसक महिलालाई प्रमुख र कार्यकारी पद नदिने चलन सबैजसो दलमा रहेको बताइन् । जमुनाले भनिन् ‘समान निर्वाचन प्रणालीबाट महिला र पुरुष संसदमा गएका हुन्छन् । जिम्मेवारी पाउने हो भने महिलाले पनि गर्न सक्छन् । तर महिलाले गर्न सक्दैनन् कि भनेर पद दिन नै गाह्रो मान्छन् ।’

संविधानले प्रदेश सभामा सभामुख र उपसभामुख मध्ये एक महिला हुनुपर्ने व्यवस्था गरेको छ । त्यसो त प्रदेश सभामा पनि पुरुषको नेतृत्व छ । पहिलो कार्यकालमा पनि पुरुष सभामुख भए । दोस्रो कार्यकालमा पनि सभामुख पुरुष नै छन् । महिला उपसभामुखमा मात्र सीमित छन् । पहिलो कार्यकालमा कृष्णी थारु उपसभामुख थिइन् भने हाल मेनुका खाँड केसी सभामुख भएकी छन् । ‘महिला भएपछि दोस्रो पद वा उप पद दिनुपर्छ भन्ने भावना यत्रतत्र छ । त्यसको शिकार हामी भएका हौं । नेताहरुमा पितृसत्ता यति छ कि महिला प्रमुख हुन सक्छन् । प्रमुख पदमा पुगेर उनीहरुले पनि नेतृत्व सम्हाल्न सक्छन् भन्ने भावनाको विकास नै भएको छैन ।’ मेनुकाले भनिन् ।

नेपालको संविधान समावेशीतामा विश्वकै नमुना छ । त्यसमा महिला सहभागिता पनि प्रसंसनीय छ । तर, दलीय प्रवृत्तिमा महिलाको सहभागिताका लागि संविधानले गरेको व्यवस्था र वास्तविकता एकदमै फरक देखिन्छन् । महिलाहरूलाई समान अवसर दिइनुपर्ने प्रावधानलाई दलहरूले केवल औपचारिकतामा मात्र सीमित राखेका छन् । अनिवार्य गरेका बाहेक पदमा महिलालाई स्थान दिएकै छैनन् । यसले सदनमा पुगेका महिलालाई सरकार जस्तो कार्यकारी भूमिकामा जान रोकेको छ । त्यहा महिला नेता पुऱ्याउन दलकै आन्तरिक संरचनाले अवरोध गरेको छ ।

महिला नेतालाई कार्यकारी भूमिकामा पुऱ्याउनका लागि दलहरूको नीति र व्यवहारले महत्त्वपूर्ण भूमिका खेल्छ । तर, लुम्बिनीका प्रमुख दलहरूले महिलालाई नेतृत्वमा पुऱ्याउन खासै अग्रसरता देखाएका छैनन् । दलहरूमा महिला नेताको चयन प्रक्रियामा पारदर्शिताको अभाव छ । महिला कार्यकर्तालाई सामान्यतः सहयोगी भूमिका वा संख्या पूर्तिका रूपमा मात्रै हेरिएको छ । नेतृत्व तहमा महिलाहरूलाई पुऱ्याउनको लागि संस्थागत दृष्टिकोण कमजोर छ । नेकपा एकिकृत समाजवादीका तर्फबाट प्रदेश सांसद हुँदै महिला बालबालिका तथा ज्येष्ठ नागरिक बनेकी भगवती अधिकारी घिमिरे यही अनुभव सुनाउछिन् । ‘महिलालाई भरसक नेतृत्वमै लैजान खोजिदैन । जसोतसो वाध्यताले नेतृत्वमा लगे पनि सहयोग र सहकार्य सोचेजस्तो हुँदैन,’ उनले भनिन् ।

महिलाहरूलाई राजनीतिक, सामाजिक, र आर्थिक रूपमा सशक्त बनाउन नेतृत्वको परिवर्तन आवश्यक छ । महिला नेतालाई कार्यकारी भूमिकामा पुऱ्याउन दलहरूको भित्री संरचनामा सुधार गर्दै महिला नेताहरूलाई नेतृत्वमा पुऱ्याउन आन्तरिक निर्वाचन र नियुक्तिमा समान अवसर प्रदान गर्नुपर्नेछ । संविधानले दिएको अधिकारको प्रभावकारी कार्यान्वयन गराउन निरन्तर अनुगमन र दबाब आवश्यक छ । महिलालाई नीति-निर्माण र कार्यान्वयनमा सहभागिताका लागि क्षमता विकासमा जोड दिनुपर्छ । लुम्बिनी प्रदेशमा महिलाको न्यून राजनीतिक सहभागिता केवल प्रदेश मात्र होइन, सम्पूर्ण मुलुककै चुनौती रहेको जानाकारहरु बताउँछन् ।

नेकपा माओवादी सचेतक इन्द्रजीत थारुका अनुसार राजनैतिक दलमा नेतृत्व विकासको कुरा गर्दा सांगठनिक योगदानको पहिलो भूमिका हुन्छ । राजनीतिक दलमा हेर्दा महिलाहरु राजनितिमा पछाडि छन् । अर्थात् प्रमुख पदमा पुरुष छन् । त्यस्तोमा प्रमुख वा ठूलो पदमा भएकालाई जिम्मेवारी दिनैपर्छ । सांगठनिक रुपमा नै सिनिएर महिला लिडरहरु कार्यकारी भुमिका निर्वाह गरिसकेका छन । निरन्तरता किन दिन सकेनन् सम्बन्धितलाई नै सोध्नु पर्छ । ३३ प्रतिसत पनि ०७२ देखि लागू भएको न हो । ३३ प्रतिशतको सुविधाबाट इन्ट्रिभएको ब्याच सिनियर भैसकेको छैन । तै पनि पाँच सात जनाको पदाधिकारीमा जुनियर भए पनि एक जना भए पनि सहभागिता देखिन्छ । ‘समानुपातिक सहभागिता र समावेशीताका लागि लडेको पार्टी माओवादीले महिला सहभागितालाई कमजोर स्थान दिएको छैन । अन्य दलले सिक्न जरुरी छ । महिलालाई सरकारमा पुर्याउन दलमा पहिला प्रमुख वा उच्च तहमा पुर्याउनु पर्छ ।’ माओवादी प्रमुख सचेतक इन्द्रजीत थारुले भने ।

संविधानले व्यवस्था गरेको अधिकारको सही कार्यान्वयन नगरिएसम्म महिलाहरू नेतृत्व तहमा पुग्न सक्दैनन् । महिला सशक्तीकरणका लागि केवल उपस्थितिको संख्या होइन, उनीहरूको प्रभावकारी भूमिका सुनिश्चित गर्नुपर्ने समय आएको छ । यसका लागि दलहरूको जिम्मेवारी, महिला नेताहरूको क्षमता अभिवृद्धि र जनचेतनाको आवश्यकता छ । महिलाहरूलाई कार्यकारी भूमिकामा पुऱ्याउन संविधानलाई केवल दस्तावेजमा सीमित राख्नु भन्दा त्यसको भावनालाई जीवन्त बनाउने कदम आवश्यक छ ।

अनेमसंघ केन्द्रीय सदस्य गोमा आचार्यले दलहरुमा देखिएको महिला सहभागिताको चुनौती समाधान गर्न राजनीतिक इच्छाशक्ति नै मुख्य कुरा भएको भुक्तभोगीहरु बताइन् । उनले भनिन्, ‘सबैभन्दा पहिला महिलाहरुले आफ्नै दलमा प्रतिश्पर्धा गर्नुपर्ने छ । दलभित्र मुख्य र निर्णायक पद लिन सके मात्रै राज्यका अन्य भूमिकामा महिलाहरुले प्रमुख पद लिन सक्नेछन् ।’

# एनसीसीमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई सम्मान



**अर्घाखाँची/मस-** राष्ट्रिय सेवा दल (एनसीसी)अन्तर्गत देशभरका ११ जिल्लाका १५ विद्यालयमा गुल्मीको बाझकटेरी मेघगंगा माध्यमिक विद्यालय प्रथम भएको छ । देशभरमा उत्कृष्टता हासिल गरेपछि विद्यार्थीलाई सन्धिखर्कमा रहेको छाँया हस्पिटल प्रालिले सम्मान गरेको हो । आफ्नो जन्मस्थानको विद्यालयले देशभरमै प्रथम स्थान गर्ने गरी उत्कृष्टता प्राप्त गरेपछि विद्यार्थीलाइ सम्मान गरिएको छाँया हस्पतालका सञ्चालक समाजसेवी दलबहादुर केसीले बताए ।

विद्यालयमा ७९ दिनको तालिम पश्चात गुल्मी, पाल्पा, तनहुँ, कास्की, लमजुङ, बाग्लुङ, काठमाडौं, धादिङ, नुवाकोट लगायतका ११ जिल्लाका १५ विद्यालयको सहभागीता रहेको थियो । ११ जिल्लाका १५ विद्यालयबीच भएको प्रतियोगितामा यस विद्यालयले उत्कृष्टता हासिल गरेको हो ।

आफुले अध्ययन गर्ने समयमा राम्रो विद्यालय नरहेको र अहिले सोही स्थानमा रहेको विद्यालयमा अध्ययन गरेका विद्यार्थी निजामती सेवा, लोक सेवा, शिक्षक सेवामा राम्रो प्रगती गरिरहेका थिए । अस्पतालका प्रमुख केसीले एनसीसीमा पनि उत्कृष्टता हासिल गरेकोमा विद्यालय परिवार र विद्यार्थीलाइ धन्यवाद दिए ।

विद्यार्थीहरुलाई वरिष्ठ समाजसेवी दल बहादुर केसी र वरिष्ठ सर्जन डाक्टर प्रदिपजंग केसीले अस्पतालको सभाहलमा टिका र खादाले सम्मान गरेका थिए ।

पहिले बाझकटेरी माध्यमिक विद्यालय रहेकोमा समाजसेवी केसीले आफ्नो भाईको सम्झनामा विद्यालयमा चन्दा दान गरेर विद्यालयको नाम परिवर्तन गरी बाझकटेरी मेघगंगा माध्यमिक विद्यालय बनाएका थिए ।

अर्घाखाँचीका सन्धिखर्क १ शान्ति बगैंचा पुलचोकमा रहेको छाँया अस्पतालमा सिटीस्क्यानसहितको विशेषज्ञ सेवा प्रदान हुँदै आएको छ । सिटी स्क्यानका लागि बुटवल, भैरहवा र काठमाडौं जानुपर्ने बिरामी तथा घाइतेहरुको बाध्यता हटेको छ । सन्धिखर्कमै सिटीस्क्यान सेवा सञ्चालन भएपछि स्थानीयहरु खुशी भएका छन् । अर्घाखाँची जिल्ला मात्रै नभइ गल्मी, प्यूठानका बिरामी उपचारका लागि छाँया अस्पतालमा आउँछन् ।

# ट्राफिकलाई १० थान ह्वील लक प्रदान

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ७ पुस



बझाङको जयपृथ्वी नगरपालिकाले जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई १० थान ह्विल लक प्रदान गरेको छ । नगरपालिकाले आइतबार सो ह्विल लक ट्राफिकलाई प्रदान गरेको हो । जथाभावी रुपमा पार्किङ गरेका सवारी साधनलाई लक गर्नका लागि नगरपालिकाले बझाङ ट्राफिकलाई उक्त सामग्री प्रदान गरेको हो ।

सो अवसरमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिद्धराज पण्डितले नगरपालिकालाई सफल बनाउन ट्राफिक प्रहरीको ठूलो सहयोग रहेको बताउँदै जथाभावी रुपमा गरिने सवारी पार्किङ र नगरपालिकालाई व्यवस्थित गर्न ट्राफिक प्रहरीको महत्वपूर्ण भूमिका रहेको बताए । जिल्ला ट्राफिक प्रहरी कार्यालय बझाङका प्रमुख विनोद विष्टले नगरपालिकाभित्र गुड्ने सवारी साधनलाई मान्छे टिप्ने र हिँडिहाल्ने वातावरण बनाउन ट्राफिकले नगरपालिकासँग सहकार्य गरेर अगाडि बढ्ने विश्वास व्यक्त गरे । उनले जथाभावी यातायातका साधन पार्किङ गरेका कारण पैदलयात्रुलाई हिँड्न समस्या परेको हुँदा यसलाई सहज बनाउन नगरपालिका लाग्नुपर्ने बताए । विष्टले जयपृथ्वी नगरपालिकालाई सुन्दर र व्यवस्थित बनाउन ट्राफिक प्रहरीले सदैव सहकार्य गर्ने बताए ।

**Join Our Team !**
**Langtang Overseas Pvt. Ltd.**
Are you ready to build your career with a leading manpower agency in Kathmandu? We're hiring talented and passionate individuals to join our dynamic team!
**Job Openings:**
1. **Documents Officer:**
   - Vacancies: 3 Male/Female
   **Requirements:**
   - Experience with documentation processes
   - Attention to detail and strong organizational skills
   - Excellent computer proficiency
2. **Social Media Marketing Specialist:**
   - Vacancy: 2 Female
   **Requirements:**
   - Expertise in social media trends and strategies
   - Content creation and excellent communication skills
   - Graphic designing experience
3. **Office Assistant (Office Boy)**
   - Vacancy: 1 male
   **Requirements:**
   - Valid motorcycle license and knowledge of Kathmandu valley locations
   - Basic computer knowledge (added advantage)

***Why Join Langtang Overseas?***
- *Competitive Salary*
- *Opportunities for Career Growth*
- *Supportive and Dynamic Work Environment*

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal. Tel No: 014971229, 015903078, 015903079
info@langtangoverseas.com www.langtangoverseas.com
Whatsapp - +977-9851354196

# अर्घाखाँचीका ग्रामीण इलाकामा प्रहरी गस्ती



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ पुस

ग्रामीण क्षेत्रमा हुने आपराधिक क्रियाकलाप न्यूनीकरण गर्न प्रहरीले ग्रामीण ईलाकाहरुमा गस्ती सुरु गरेको छ । गाउँ ठाउँमा प्रहरीको उपस्थिति कम हुँदा आपराधिक गतिविधि बढ्न सक्ने भन्दै जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले गाउँ लक्षित गरेर गाउँ-गाउँमा नेपाल प्रहरीको टोली खटाएर गस्ती सुरु गरिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ ।

अर्घाखाँची जिल्लाका सबै ठाउँमा जिल्ला प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालय ठाडा खनको मातहतका सबै युनिटहरुबाट ग्रामीण क्षेत्रमा गस्ती सुरु गरेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

विगतका वर्षहरुमा दशैं, तिहार तथा छठ जस्ता ठूला पर्वलाई लक्षित गरेर ग्रामीण ईलाकामा गस्ती सुरु हुने गरेको रहेछ । अहिले मैले यस कार्यालयको जिम्मेवारी सम्हालेपछि प्रहरीको गस्ती बढाएको छु’ प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले भने, ‘यसले गर्दा दूरदराजमा प्रहरीको उपस्थिति बढ्नुका साथै जनताले शान्ति सुरक्षाको अनुभूति गर्न पाएका छन् ।’ उनका अनुसार आपराधिक घटना न्यूनीकरण, लागुऔषध नियन्त्रण, महिला तथा घरेलु हिंसा न्यूनीकरण र जनचेतनामूलक कार्यक्रम गर्न प्रहरीको गस्तीले सजिलो बनाएको छ ।

‘स्थानीय तहले कुनै सहयोग नगरेपनि प्रहरीले जनताको सेवा गर्ने हो । हामीले हिँडेर पनि जाडोको समयमा गस्ती गर्न सजिलो भएको छ’ प्रहरी नायब उपरीक्षक मल्लले भने,‘गाडी नपुग्ने ठाउँमा पनि गस्ती गर्न सजिलो भएको छ । गाउँमा प्रहरी पुगेपछि अर्घाखाँचीका स्थानीय बासिन्दा खुसी भएका छन् ।’

# पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिने

**ताप्लेजुङ/मस-** ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि पाथीभरा क्षेत्र विकास समितिले पहल गर्ने निर्णय लिएको छ ।

पाथीभरा क्षेत्र विकास समितिको बैठकले पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्न र एक अन्तर्राष्ट्रिय सम्पदाको रूपमा विकास गर्न महत्वपूर्ण कदम चाल्ने निर्णय गरेको समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए ।

यसका लागि पाथीभरा क्षेत्र विकास समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पुरातत्व विभागसँग समन्वय गर्दै पाथीभरालाई विश्व सम्पदा सूचीमा सूचीकरण गर्नका लागि औपचारिक अनुरोध गर्ने निर्णय गरेको हाङ्बाङले जानकारी दिए ।

पाथीभरा मन्दिर नेपालका प्रमुख शक्तिपीठमध्ये एक हो । धार्मिक, ऐतिहासिक र सांस्कृतिक रूपमा महत्वपूर्ण मानिने पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्नु महत्वपूर्ण कार्य भएकाले यसका लागि पहल सुरु गरिएको समितिका अध्यक्ष रक्की थेबेले बताए ।

पाथीभरा मन्दिरमा वार्षिक स्वदेशी तथा विदेशी गरि लाखौंको संख्यामा भक्तजन आउने गरेका छन् । पाथीभराको दर्शन गरे मनोकामना पूरा हुने जनविश्वास रहेकाले हरेक वर्ष यहाँ आउने भक्तजनको दर बढ्दै गएको समितिले जनाएको छ ।

# साउदी अरबमा नेपाली समुदायद्वारा मनाइयो योमरी पुन्ही

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, ७ पुस



साउदी अरबमा कार्यरत नेपालीहरुले योमरी पुन्ही भव्य रुपमा मनाएका छन् । नेवाः समाज, साउदी अरबले आफ्नो आठौं वार्षिकोत्सवको अवसरमा रियादमा योमरी पुन्ही कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रमको सुरुवात विधिवत् रूपमा गणेश पूजनबाट गरिएको थियो । उपस्थित अतिथिहरूलाई नेवारी परम्पराअनुसार सगुन प्रदान गरिएको थियो । समाजका अध्यक्ष कृष्ण श्रेष्ठको सञ्चालनमा भएको औपचारिक कार्यक्रममा रियाद क्षेत्रका अध्यक्ष देव राज प्रधानले स्वागत मन्तव्य व्यक्त गरे । कार्यक्रम संयोजक एवं महिला उपाध्यक्ष सृजना श्रेष्ठले कार्यक्रममा मन्तव्य राख्दै योमरी पुन्ही र नेवारी परम्पराको महत्वमाथि प्रकाश पारेकी थिइन् । उनलाई कार्यक्रममा सम्मानपत्रद्वारा सम्मानित गरिएको थियो ।

सो कार्यक्रममा नेपाली जनसम्पर्क समिति, साउदी अरबका अध्यक्ष अर्जुन थापा, पारिवारिक समाज, साउदी अरबका अध्यक्ष जितेन्द्र थपलिया, पानसका महामन्त्री नवीन मुडभरी, पानस रियादका अध्यक्ष अमर सापकोटा, झापाली समाज, साउदी अरबका पूर्व अध्यक्ष राजेन्द्र थापा, पारिवारिक समाज, साउदी अरबका महिला उपाध्यक्ष प्रजिता मुडभरी, र व्यवसायी पूर्ण सारु मगर अतिथिका रूपमा उपस्थित थिए ।

कार्यक्रममा अर्जुन थापा, अमर सापकोटा, र प्रत्युष मुडभरीले मन्तव्य राखेका थिए । सहभागीहरूलाई नेवारी समाजमा प्रचलित पारम्परिक परिकार समेबजी र योमरी खुवाइएको थियो । योमरीको अर्थ नेवारी भाषामा ‘मन पर्ने रोटी’ भन्ने हुन्छ । कृषि पर्वसँग सम्बन्धित यो परिकार नयाँ धानको स्वागतमा विशेष रूपमा खाइने चलन छ । चाकु र खुवा भर्ने परम्परागत योमरीलाई विश्वभर नेपालकै मौलिक परिकारका रूपमा चिनिन्छ । सन् २०१७ मा स्थापित नेवाः समाज, साउदी अरबले नेवारी संस्कृति र परम्परालाई जगेर्ना गर्न विभिन्न पर्वहरू आयोजना गर्दै गैरनेवार समुदायलाई पनि सहभागी गराउँदै आएको छ । समाजका अध्यक्ष कृष्ण श्रेष्ठका अनुसार साउदी अरबमा नेवारी चाडपर्वहरू भव्य रूपमा मनाएर नेपाली संस्कृतिको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६०/०८/२२ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२६१९१** को **फ्लोर कार्पेट इण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

“आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्दै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो”
भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति २०१६/०७/२८
स्व. लोकराज खनाल
स्वर्गारोहण २०८१/०८/२८
यस प्रा.लि.की कार्यकारी निर्देशक
श्री संगीता लम्सालज्यूको ससुरा बुवा
**लोकराज खनालको**
यही मिति २०८१ मंसिर २८ गते ६५ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा स्वर्गीय खनालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।
साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछौं ।
वेल ग्रोइङ रिक्रुटमेन्ट प्रा.लि.
परिवार
बाँसबारी, काठमाडौं ।

मध्यान्ह
www.madhyanhadaily.com
८ पुस २०८१, सोमबार
23 December 2024, Monday

सम्पादकीय

## विपक्षी शंकालाई सरकारको टेवा

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गत मंसिर तेस्रो साता नै संसद्को हिउँदे अधिवेशन बोलाउन आलटाल भइरहेको बताएका थिए । सार्वजनिक भाषणमार्फत प्रचण्डले सत्तारूढ नेताहरूको नियतमाथि प्रश्न उठाउँदै हिउँदे अधिवेशन बोलाउन माग गरेका थिए । यदि संसद् अधिवेशन बोलाउन आलटाल भइरहे विशेष अधिवेशनको माग गर्नेसमेत प्रचण्डको चेतावनी थियो । तर, सत्तारूढ नेताहरूले भने संसद् अधिवेशनबारे अनावश्यक शंका उत्पन्न गराउनेगरी प्रचण्डले अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाएका थिए । सत्तारूढ नेताहरूको भनाइ थियो– संसद् अधिवेशन नबोलाइनुपर्ने कुनै कारण छैन, त्यसै शंका उत्पन्न गराउने काम प्रचण्डबाट भयो । तर, उनीहरूको जबाफ जस्तो निर्णय अहिलेसम्म भएको छैन ।

नत्र यतिबेलासम्म संसद्को हिउँदे अधिवेशन बोलाइसक्नुपर्ने हो । सामान्यतः दसैं अगाडि बजेट अधिवेशन अन्त्य गर्ने र मंसिर तेस्रो साता अथवा पुसको पहिलो साता हिउँदे अधिवेशन बोलाइने प्रचलन छ । एउटा अधिवेशन अन्त्य भएको ६ महिनाभित्र अर्को अधिवेशन बोलाउनुपर्ने वैधानिक व्यवस्था नै छ । गत ३० भदौमा बजेट अधिवेशन अन्त्य भएको थियो । त्यो हिसाबले हिउँदे अधिवेशन बोलाउन अझै पनि वैधानिक रूपमा हेर्दा समयको सुविधा बाँकी छ । तर, सकेसम्म संसद् बैठक धेरै बसेको राम्रो हो । वैधानिक समय सुविधाकै हिसाबले त संसद् बैठक चल्नेभन्दा नचल्ने धेरै हुन्छ । त्यसैले वैधानिक सुविधाको तर्क उचित होइन । अरू विशेष कारण भए त्यो कुरा सार्वजनिक गरिनुपर्छ ।

अर्थात्, संसद्को हिउँदे अधिवेशन बोलाउन अब ढिलाइ गरिनु हुन्न । त्यसै पनि यो अधिवेशन विधान अधिवेशन हो । संविधान कार्यान्वयन गर्न आवश्यक कानुनहरू यतिका समयसम्म बन्न नसकेका तथ्यले पनि विधान अधिवेशन जति सक्दो चाँडो बोलाइएको राम्रो हो । कानुन निर्माणका लागि मस्यौदाहरूमाथि ब्यापक छलफल गरिनु राम्रो हो । तर, प्रमुख प्रतिपक्षी नेताले सार्वजनिक आशंका गरिसक्दा पनि सरकारले संसद् बैठक बोलाउने कुनै संकेत देखाएको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यान भारत भ्रमण कसरी मिलाउने भन्नेमा देखिन्छ । सत्तारूढ नेताहरूको ध्यान गठबन्धन टिकाउनेमा देखिन्छ । यसले जनताको एजेन्डा ओझेलमा परेको छ । संसद् बैठक चल्ने हो भने त्यहाँ सांसदहरूले जनताको एजेन्डा उठाउन सक्थे । मुलुकले खेपिरहेका समस्याहरूमाथि छलफल हुन्थ्यो । तर, यसतर्फ सरकारको ध्यान गएको देखिँदैन, जसले प्रतिपक्षी शंकालाई बल पुगिरहेको छ ।

# वित्तीय पुँजीको बढ्दो प्रभाव

*वित्तीय पुँजीको खेलको दायरा आज तीव्र र व्यापक रूपमा बढ्दै गइरहेको छ । त्यसले सस्तो दाममा धितो र शेयर किन्छ अनि महँगो मूल्यमा बेच्छ । त्यसले बैंकहरूलाई पनि ऋण (पैसा) दिन्छ र त्यसको ब्याज लिन्छ । उसको शक्ति यति धेरै बढ्न गएको छ कि त्यसले कुनै पनि देशको शेयर बजारमा हस्तक्षेप गरेर त्यहाँको अर्थ व्यवस्थामा अपूर्व भुइँचालो ल्याइदिन सक्छ...*

अग्रलेख



● लोकनारायण सुवेदी



वास्तवमा अर्थतन्त्रका गम्भीर अध्येता र ज्ञाताहरू वित्तीय पुँजीलाई विश्वको एउटा असामाजिक परिघटना मान्छन् किनभने यसले केही पनि उत्पादन गर्दैन । पैसाले पैसा बनाउने काम मात्र यसले गर्छ । हिजो यही काम गाउँघरको सुद्खोरले गर्थ्यो र कतिपय ग्रामीण इलाकामा आज पनि गर्ने गर्छ ।

त्यसको बदलामा उसले समाजबाट एक किसिमको घृणा पाउने गर्थ्यो । तर, आधुनिक वित्तीय पुँजीको यो खेलको दायरा त्यसभन्दा धेरै अगाडि बढ्दै गएको छ र निकै भिन्न छ । त्यसले सस्तो दाममा शेयर र प्रतिभूतिहरू किन्छ र महँगो दाममा बेच्छ । अनि, त्यसले बैंकहरूलाई ऋण दिन्छ र त्यसबापत ब्याज लिन्छ । आज वित्तीय पुँजीको शक्ति यति धेरै बढिसकेको छ कि त्यसले कुनै पनि देशको शेयर बजारमा हस्तक्षेप गरेर त्यहाँको अर्थ व्यवस्थामा भयंकर र भयावह अर्थ-भूकम्प ल्याइदिन पनि सक्छ ।

हुनत यो वित्तीय पुँजीका बारेमा धेरै ज्ञाताहरूद्वारा धेरै कुरा लेखिसकिएको छ र अबका दिनहरूमा अझै अरू लेखिँदै पनि जाने छ । एउटा भरपर्दो अनुमान र खोजअनुसार आज वित्तीय पुँजीको मात्रा औद्योगिक पुँजीको मात्राभन्दा बढी भइसकेको छ । यदि यस्तो हुँदैनथ्यो भने पनि त्यसको मात्रा यति त छँदै छ कि त्यसको भूमिकामाथि विचार गर्नु आवश्यक भइसकेको छ । वित्तीय पुँजीको सिर्जना त्यहीबाट हुन्छ, जहाँबाट औद्योगिक पुँजीको उत्पत्ति हुन्छ ।

जतिबेला पुँजीवादको विकास भएको थिएन, त्यसको एक-डेढ सय वर्षयताको एकल पुँजीले त्यसको मार्ग प्रशस्त गऱ्यो । जोसँग पैसा हुन्थ्यो, उसले कारखाना चलाउँथ्यो र मजदुरको रगत पसिना एक तुल्याउँथ्यो । यो त्यही समय थियो, जतिबेला पुरुष तथा महिला कामदारहरूबाट १२ देखि १६ घण्टासम्म निरन्तर काम लिइन्थ्यो ।

उनीहरू अत्यन्तै दयनीय अवस्थामा रहन्थे । हरेक दोस्रो दिन उनीहरूका लागि थप कुपोषणको दिन हुने गर्थ्यो । के भन्ने गरिन्छ भने, त्यो पुँजीवादको पाषाण युग थियो । तर, पाषाण युग कतै पनि धेरै दिन चल्न सक्दैन । यदि पुँजीवादको त्यो निर्दयी युग जारी रहन्थ्यो भने निश्चय नै मार्क्सको परिकल्पनाअनुसार सर्वहारा वर्गले विद्रोह गरिदिन्थ्यो । यसरी आफू र आफ्नो मालिकलाई पनि मुक्त तुल्याइ दिन्थ्यो ।

तर, यसो भएन किनभने पुँजीवाद त सालैपिच्छे सामर्थ्यवान् हुँदै गयो । उसको उत्पादकत्व बढ्दै गयो । उपनिवेशबाट लुटेर आफ्ना देशका मजदुरहरूलाई बढी पैसा र अन्य सुविधा दिन थाल्यो । पछि त यो संघर्ष पनि सफल हुन थाल्यो कि दिनभरमा ८ घण्टाभन्दा बढी काम गराउन पाइँदैन, गराएमा थप समयको मूल्य चुकाउनुपर्छ ।

पुँजीवादको विकास जुन तीव्र गतिले भयो, त्यसको लामो कथा छ । तर, पुँजीवादले जे जति कुरा हासिल गऱ्यो, त्यसको श्रेय औद्योगिक पुँजीलाई जान्छ, वित्तीय पुँजीलाई विलकुलै होइन ।

मिल र कारखानाहरू फैलिँदै गए, नयाँ उत्पादन सामुन्नेमा आउन थाले र बजार विस्तार हुँदै गयो । यो यसको एउटा ठोस प्रगति थियो । त्यसमा बहुसंख्यक जनसाधारणको शोषण त अत्यधिक भयो र आज पनि भइरहेको छ तर त्यसका साथसाथै विभिन्न वस्तुहरू उत्पादन भए, सडक संजाल बन्यो, गाडी, रेल गुड्न र हवाई जहाजहरू उड्न थाले ।

वस्तुत: सभ्यताको नाममा आज हामीले आफ्नो वरिपरि जेजे कुराहरू देख्छौं, ती सबै औद्योगिक पुँजीकै कमाल हुन् भन्ने कुरामा कुनै द्विविधा मान्नुपर्ने कारण छैन ।

पुँजी त्यही धनराशिलाई भनिन्छ, जसको लगानी वस्तु या सेवा उत्पादनमा लगाइन्छ । यो काम समाजवादी तरिकाले गरियो भने वस्तु र सेवाहरू बढी पैदा हुन्छन् र पैदा गर्नेहरूको रहनसहनको स्तर पनि माथि उठ्छ । समाजवादी बाटो मानवीय समस्याको समाधानको मूलबाटो हो, जबकि पुँजीवादी बाटो भनेको लगानी गरेर बढीभन्दा नाफा कमाउने बाटो हो ।

वास्तवमा जुन बाटोमा मुनाफाको बुलडोजर चलिरहेको छ, चलिरहेको हुन्छ, त्यहाँ लागत र मूल्यका बीच कुनै विवेकसंगत सम्बन्ध रहँदैन । त्यसबाट सयौं नयाँ समस्याहरू पैदा हुन्छन् । यस्तो व्यवस्थामा नै अतिसम्पन्नसँग समाजको धन संकेन्द्रित हुने गर्छ र श्रमिक वर्गको हातमा कुनै नयाँ उद्योग सुरु गर्न सोच्न सक्नेसम्म पैसा पनि आउनै पाउँदैन ।

त्यति मात्र होइन, एउटा क्षेत्रका सबै मजदुर मिलेर पनि यस्तो सपना देख्न सक्दैनन् । अर्बपतिको घोडा चारैतिर दौडिने गर्छ र गरिब श्रमिकहरू केवल गृहपति या अझ भनौं, डेरापति भएर रहन्छन् । तर, अहिले यो भन्दा पनि बढी भिन्न किसिमले प्रगति हुँदै गएको छ ।

समाजलाई नयाँनयाँ कुरा प्राप्त भइरहेको छ र मुनाफामा श्रमिकको हिस्सा बढ्दै गएको छ । अमेरिकामा त यो हिस्सा यति बढ्न पुगेको छ कि त्यहाँका उद्योगपतिहरूले आफूले उत्पादन गर्ने माल अरू नै देशका मजदुरहरूबाट गराउन थालेका छन्, जुन मजदुरहरूको प्रतिघण्टाको मूल्य (ज्याला) अमेरिकी मजदुरहरूको भन्दा धेरै नै कम छ ।

भाग्यले नै मानिसलाई जहाँतहाँ लैजाने होइन, त्यो त उद्योगले लैजाने हो । भन्न सकिन्छ कि आजको जमानामा उद्योग नै भाग्य हो र श्रमिक हुने भनेको दुर्भाग्य हो । यस सन्दर्भमा प्रश्न गर्न सकिन्छ कि वित्तीय पुँजीले चाहिँ के गर्छ त ? त्यसले कुनै सेवा प्रदान गर्छ ? या के त्यसले समाजको उत्पादकत्वलाई बढाउँछ ?

त्यसले वास्तवमा यी कुनै कुरा विलकुलै गर्दैन । त्यसले त केवल रुपैयाँबाट रुपैयाँ कमाउँछ या पैदा गर्छ । रुपैयाँबाट रुपैयाँ त उद्योगपतिहरूले पनि कमाउँछन् तर यसका लागि तिनले उद्योगधन्दा अर्थात् कारखाना र दोकान पनि खोल्छन्, माल सामान बेच्छन् । त्यसबाट समाजको कुनै न कुनै आवश्यकताको परिपूर्ति भइरहेको हुन्छ । यसरी उत्पादन एउटा सामाजिक कर्म बन्छ । त्यसबाट समाजलाई केही न केही प्राप्त हुन्छ ।

तर, वित्तीय पुँजी एउटा असामाजिक घटना हो किनभने त्यसले केही पैदा गर्दैन, खालि रुपैयाँबाट रुपैयाँ बनाउँछ । तर, वित्तीय पुँजीको खेलको दायरा आज तीव्र र व्यापक रूपमा बढ्दै नै गइरहेको छ । त्यसले सस्तो दाममा धितो र शेयर किन्छ अनि महँगो मूल्यमा बेच्छ । त्यसले बैंकहरूलाई पनि ऋण (पैसा) दिन्छ र त्यसको ब्याज लिन्छ । उसको शक्ति यति धेरै बढ्न गएको छ कि त्यसले कुनै पनि देशको शेयर बजारमा हस्तक्षेप गरेर त्यहाँको अर्थ व्यवस्थामा अपूर्व भुइँचालो ल्याइदिन सक्छ । संक्षेपमा भनिँदा वित्तीय पुँजी भनेको त्यस्तो पुँजी हो, जसलाई कुनै उद्योग धन्धामा लगाइँदैन । यसको विपरीत मात्र सुदखोरीमा लगाइने गरिन्छ या शेयर खरिद-विक्रीमा लगाइन्छ ।

अर्कातिर, कारखाना कुनै एउटा स्थानमा स्थापित हुन्छ । दोकान या पसल पनि कुनै एउटा निश्चित ठाउँमा नै चलाइन्छ । यिनमा लगाइएको पुँजी कुनै आवारा पुँजी हुन सक्दैन किनभने यो पुँजी कुनै स्थान विशेषसँग सम्बन्धित हुने गर्छ । तर, सुदखोरी तथा शेयरको खरिद-विक्रीको काम कुनै पनि ठाउँबाट हुन सक्छ किनकि यो एउटा अन्तर्राष्ट्रिय सौदा हुने गर्छ । त्यसैले यो वित्तीय पुँजी एक ठाउँबाट अर्को ठाउँसम्म कुद्ने वा उफ्रिने गर्छ ।

त्यो हरेक ठाउँमा जान सक्छ । कुनै एउटा देश या क्षेत्रसँग त्यसको कुनै लिनु दिनु हुन सक्दैन । के यसलाई नत्थी लगाउन सकिन्छ ? के यसबाट सामाजिक पुँजीको निर्माण गर्न सकिन्छ ? यसबारेमा नीति निर्माता तथा योजनाकारहरूले सोच्नु राम्रो होला । मानिसहरूका साथमा अतिरिक्त धन सम्पत्ति भएर पनि त्यसलाई कसैले कुनै उत्पादक काममा लगाउन पाउँदैन भने त्यसले कतै न कतै गोलमाल गर्ने गर्छ नै ।

हामीले वित्तीय पुँजीको चरित्रलाई यसरी प्रस्ट र राम्रोसँग बुझ्न सक्छौं । आजको विश्वमा यही पुँजीको बोलवाला र वर्चस्व छ । यो वित्तीय नामको आवारा पुँजीले नै आजको पुँजीवादी संसारलाई हल्लाइरहेको र नचाइरहेको छ ।

## इतिहासमा आज

२३ डिसेम्बर १९९५ मा हरियाणाको मंडी डाबवाली इलाकामा रहेको एउटा विद्यालयमा आगलागी हुँदा ३६० जनाको मृत्यु भएको थियो ।



२३ डिसेम्बर १६७२ मा खगोलविद् जियोवनी बैसिनीले शनि ग्रहको उपग्रह रियाको खोज गरेका थिए ।



२३ डिसेम्बर १९२२ मा बी. बी. सी. रेडियोले दैनिक समाचार प्रसारण सुरु गरेको थियो ।

BBC RADIO WORLD SERVICE

२३ डिसेम्बर २०१९ मा साउदी अरबका पत्रकार जमाल खसोगीको हत्याको मामलामा ५ जनालाई मृत्युदण्डको सजाय सुनाइएको थियो ।



## सामाजिक सञ्जाल



हरि रोका

कांग्रेस महामन्त्रीले उद्घोष गरेछन्, 'जनताको आशाअनुसार वर्तमान सरकार चल्न सकेन ।' दुई तिहाइको बलियो सरकार हुँदा केही गर्न नसक्नु निकम्मापन साबित हुनु हो । केही गर्न नयाँ दृष्टिकोण, योजना र संस्थागत संरचना, दृढ निश्चितता आवश्यक हुन्छ । साढे ३ दशकको अवधिको अनुभवले भन्छ, गठबन्धनसँग यी केही छैनन् ।

राज्य र शासकप्रति आक्रोश पोख्ने, आरोप लगाउने नागरिक अधिकारलाई 'राइट टु अफेन्ड' भनिन्छ । दुर्गा प्रसाईंको केसमा ओलीले यो हनन गर्न खोजेका थिए, सर्वोच्चले उल्टै सिर्कनो लगायो- प्रवृत्ति भावना । यस्ता केसमा प्रहरीले पक्रिनु सरासर गलत बरु कि खण्डन गर्ने कि मानहानि मुद्दा हाल्ने हो ?



डम्बर खतिवडा



जुगल भुर्तेल

शान्ति सम्झौता भएको १८ वर्षपछि पनि सत्य निरूपण र न्यायको प्रक्रिया अगाडि बढाउन नसक्नु पीडितहरूको अपमान र संवेदनहीनताको निकृष्ट उदाहरण मात्र होइन, नेताहरूको नालायकीपनको पराकाष्ठा पनि हो । अनि, यिनैले आँखा झिमिक्क नपारी 'अब म आएँ, देश अगाडि बढ्छ' भन्दा मान्छेले गिज्याए भने के अनौठो भो ?

अर्थमन्त्रीज्यूहरूलाई कसरी निद्रा लाग्छ कुन्नि ? युवा विदेशिने क्रम जारी छ, जनसंख्याको आधारमा विप्रेषणबापत भित्रिएको प्रतिव्यक्ति रकम भारतको भन्दा तेब्बर छ तर तीन चौथाइ फेरि बाहिरै जान्छ । बैंकले निक्षेपमा दिने ब्याज दर मुद्रास्फीतिभन्दा माथि छ ।



चन्द्रमणि अधिकारी

# बाध्यता बनेको वैदेशिक रोजगार

विचार



● खगेन्द्र पौडेल

*एकातिर हातमुख जोर्नकै लागि वैदेशिक रोजगारीमा जानुपर्ने नागरिकको बाध्यता बनेको छ भने अर्कातर्फ सरकार भने सरल शैलीमा रोजगारी सिर्जना गराउनेभन्दा नागरिकलाई वैदेशिक रोजगारीमा पठाउने अभियानमा देखिन्छ । सरकार स्वयंले वैदेशिक रोजगारका कार्यक्रमलाई बजारीकरण गर्न लागिरहेको छ भन्दा अन्यथा हुँदैन...*

नेपालमा वैदेशिक रोजगार, रोजगार मात्र नभई धेरैका लागि जीविकोपार्जनको एक बाध्यता हो । बेरोजगारी, गरिबी र घरेलु अर्थतन्त्रमा सुधार नहुनुका कारण लाखौं नेपालीहरू विदेशिन बाध्य छन् ।

वैदेशिक रोजगारीले एकातिर आर्थिक अवसर प्रदान गरेको भए पनि अर्कातिर यसले सामाजिक र व्यक्तिगत जीवनमा गहिरो प्रभाव पारेको छ । आज समाज खण्डित हुनुको पछाडिको मुख्य कारण नै वैदेशिक रोजगारी हो । समाजमा निराशा बढ्नुको कारण पनि वैदेशिक रोजगारी हो ।

यद्यपि, यसलाई तत्कालीन अवसरको रूपमा प्रयोग गर्दै दीर्घकालीन रूपमा नेपाल नै बनाउने अभियानमा लाग्नु अहिलेको आवश्यकता हो ।

### वैदेशिक रोजगारीका कारण

नेपालमा रोजगारीका अवसरहरू निकै सीमित छन् । वर्षमा झन्डै ५ लाखभन्दा बढी युवाहरूले नयाँ रोजगारी खोजिरहेका हुन्छन् । यद्यपि, त्यसलाई सम्बोधन गर्ने अवस्था हाम्रो मुलुकभित्र छैन । शिक्षित युवाहरूसमेत उपयुक्त काम पाउन नसक्दा विदेशिनुपरेको यथार्थ हामीसँग छ । अहिलेको हाम्रो तितो यथार्थ शिक्षित बेरोजगारको दर बढ्नु हो ।

यसैगरी, अधिकांश नेपालीहरू मध्यम र निम्न वर्गका छन् । परिवारको आर्थिक अवस्था कमजोर भएकाले धेरै नेपालीले ऋण लिएर नै विदेश जानुपरेको अवस्था छ । गाउँगाउँमा रोजगारी अभावले मानिसहरू वैदेशिक रोजगारीतर्फ धकेलिएका छन् । यहाँ रोजगारी छैन । पाए पनि हात-मुख नै जोर्न सकस हुने अवस्था छ । यस्तोमा नेपाली श्रमिकहरूले विदेशमा काम गर्दा नेपालमा भन्दा धेरै गुणा बढी तलब पाउने आशा राख्छन् । यो उनीहरूको विदेश जाने मुख्य प्रेरणाको रूपमा रहेको पाउँछौं ।

सँगै, सूचना प्रविधिको विकासको लाभ हाम्रो समाजले पनि उठाइरहेको छ, जसबाट विश्व कहाँ पुग्दै छ, विश्वको अवस्था के छ भन्ने जानकारी पाएको अवस्था छ । विश्व धेरै अगाडि बढ्ने तर आफू निकै पिछडिनुपरेको अवस्थाबाट आज हरेक नेपालीले विकल्प खोजिरहेका छन् ।

परिवारलाई राम्रो शिक्षा, स्वास्थ्य र जीवनस्तर प्रदान गर्न खोज्नेहरूका लागि वैदेशिक रोजगार प्राथमिकता बन्ने गरेको छ, जसमा सरकारको नीतिसमेत सहयोगी भएको पाइन्छ । नेपालको सरकार श्रम बजारमा पर्याप्त रोजगारी सिर्जना गर्न असफल भइरहेको छ । स्वदेशमै रोजगारी सिर्जना गराउन नसकेको सरकार वैदेशिक रोजगारका कार्यक्रमलाई बजारीकरण गर्न लागिरहेको छ भन्दा अन्यथा हुँदैन ।

### बाध्यताको प्रभाव

आज वैदेशिक रोजगारीले तत्काली नरूपमा आर्थिक सहयोग पुऱ्याए पनि यसले समाज र परिवारलाई भने विघटित गराइरहेको छ । विदेश गएपछि परिवार टाढा हुन्छ, जसले बालबालिका र घर परिवारमा नकारात्मक प्रभाव पार्छ । अर्कातर्फ, असुरक्षित वैदेशिक रोजगारले श्रमिकलाई मानसिक तनाव र शारीरिक जोखिममा पार्छ । सँगै, ठूलो संख्यामा काम गर्ने उमेरका युवाहरू विदेशिने भएकाले देशभित्रको विकासमा पनि असर परेको छ । आज हाम्रा गाउँहरू किन खालि छन् ? किन उत्पादन हुने भूगोल बाँझिएको छ ? यो विषय निकै गम्भीर छ ।

### समाधानका उपाय

जबसम्म स्वदेशमै रोजगारी सिर्जना हुँदैन, तबसम्म वैदेशिक रोजगारीको समस्या पनि समाधान हुँदैन । यसका लागि उद्योग, कृषि र पर्यटन क्षेत्रको विकास गरेर स्वदेशमै रोजगारीका अवसरहरू बढाउनुपर्छ । नेपाल प्राकृतिक रूपमा सम्पन्न देश हो भनिरहँदा त्यसलाई प्रयोग गरेर लाभ लिने वातावरण बनाउनु पनि उत्तिकै आवश्यक छ ।

सँगै, युवा वर्गलाई उत्पादनशील र व्यावसायिक सीपको तालिम प्रदान गरेर स्वदेशमै रोजगारी दिन सकिन्छ । यदि युवाहरू सक्षम भए भने उनीहरू वैदेशिक रोजगारीमा जानै पर्ने बाध्यतामा हुँदैनन् । कतिपय विश्व बजारमा यहीँ रहेर पनि काम गर्न सकिन्छ । साना तथा मझौला उद्योगमा लगानी बढाएर स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्ने नीति आवश्यक छ ।

अर्कातर्फ, वैदेशिक रोजगारीमा जाने युवाहरू अदक्ष हुनु पनि नेपालको सन्दर्भमा अर्को समस्या हो, जसले वैदेशिक रोजगारीमा जाँदा थप असुरक्षाको अवस्था सिर्जना गराएको छ । सँगै, उचित पारिश्रमिक पाउन पनि चुकेको अवस्था पनि छ । सरकारले गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गरेर श्रमिकहरूको सुरक्षामा जोड दिनुपर्छ ।

### निष्कर्ष

वैदेशिक रोजगार नेपालीहरूको बाध्यता मात्रै नभई अर्थतन्त्रमा योगदान दिने एक महत्त्वपूर्ण क्षेत्र पनि हो । तर, यो बाध्यतालाई अवसरमा रूपान्तरण गर्न सरकार, निजी क्षेत्र र आमसमुदायले सामूहिक प्रयास गर्नुपर्ने आवश्यकता छ । स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्न सकिए मात्रै नेपालीहरूलाई वैदेशिक रोजगारको बाध्यताको चक्रबाट मुक्त गर्न सकिन्छ ।

# पत्रकार महासंघमा निर्वाचितहरूलाई स्वागत एवं सम्मान



काठमाडौं/मस- नेपाल पत्रकार मञ्चको सदस्य रहेर नेपाल पत्रकार महासंघको हालै सम्पन्न २७औं महाधिवेशनमा बिभिन्न पदमा निर्वाचितहरूलाई स्वागत एवं सम्मान गरिएको छ। मञ्चले आइतबार एक कार्यक्रम गरी महासंघको केन्द्रीय सदस्यमा नवनिर्वाचित मनुका कुँवर, नेपाल पत्रकार महासंघको एसोसिएट प्रदेश अध्यक्षमा नवनिर्वाचित रोयल आचार्य, कोषाध्यक्षमा निर्विरोध निर्वाचित राजेन्द्र प्रजापति तथा सदस्यहरूमा सन्तोष मिश्र, कमला नेपाल, सुवास पौडेल, धीरेन्द्र तिवारी, रोशन चौधरी, नवीन नरसिंह नेपाली र सरोज बस्याललाई सम्मान गरेको हो।

यस्तै, कार्यक्रममा विश्व हिन्दु महासंघको हालै जनकपुरमा सम्पन्न महासम्मेलनबाट अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित मञ्चकी सदस्य अस्मिता भण्डारी र राष्ट्रिय फोटो पत्रकार समूहको महासचिवमा निर्वाचित मञ्चका सदस्य घनश्याम श्रेष्ठलाई पनि सम्मान गरिएको थियो। निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई मञ्चका अध्यक्ष युवराज विद्रोहीद्वारा सम्मानपत्र प्रदान गरेर, मञ्चका पूर्वअध्यक्ष योगेन्द्रप्रताप शाहीद्वारा खादा लगाइदिएर र मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक तथा बरिष्ठ पत्रकार मदनकुमार श्रेष्ठद्वारा माला पहिर्‍याएर सम्मान गरिएको थियो।

कार्यक्रममा मञ्चका अध्यक्ष विद्रोहीले चुनावमा सहभागी हुँदा आफ्नो पक्षमा मतदान गर्न उम्मेदवारहरूबीच जे जस्तो प्रतिस्पर्धा भए पनि निर्वाचित भएपछि सिंगो पत्रकार महासंघको साझा नेतृत्व बन्न निर्वाचित सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूलाई सुझाव दिए। मञ्चका महासचिव विमल थापाले संचालन गरेको कार्यक्रममा मञ्चका उपाध्यक्ष चन्द्रमणि भट्टराईले धन्यवाद ज्ञापन गर्दै महासंघमा निर्वाचितहरूमा जिम्मेवारीसँगै चुनौती र अवसरसमेत प्राप्त भएको बताए।

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०९/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : मनकामना सप्लायर्स**<br>दर्ता गर्ने निकाय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>दर्ता नं. :१९८०/०७०/०७१, दर्ता मिति : २०७०/०४/१०<br>ठेगाना : काठमाडौं<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : शिवहरि रेग्मी** | |
| | **नाम : शिवहरि रेग्मी**<br>बाबुको नाम : बलराम रेग्मी, बाजेको नाम : अनन्त प्रसाद रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग, हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं. : १३३९, जि.प्र.का. धादिङ्ग, जारी मिति : २०६०/०८/१६<br>**शाखा कार्यालय : मंगलबजार** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : शिवहरि रेग्मी**<br>बाबुको नाम : बलराम रेग्मी<br>बाजेको नाम : अनन्त प्रसाद रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं.: १३३९<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०६०/०८/१६ | **२. नाम : निर्मला रेग्मी**<br>पतिको नाम : शिवहरि रेग्मी<br>ससुराको नाम : बलराम रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं.: २६१/५१७९७<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०६८/०२/२० |
| | **३. नाम : शान्ता रेग्मी**<br>पतिको नाम : नारायण प्रसाद रेग्मी<br>ससुराको नाम : अनन्त प्रसाद रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं. : २६३०४२-७०/१५५<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०७०/०२/२० | **४. नाम : नारायण प्रसाद रेग्मी**<br>बाबुको नाम : बलराम रेग्मी<br>बाजेको नाम : अनन्त प्रसाद रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं. : ३/३६६<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०५८/११/०५ |
| | **५. नाम : बलराम रेग्मी**<br>बाबुको नाम : अनन्त प्रसाद रेग्मी<br>बाजेको नाम : लिलानाथ रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं.: ३/२१८८<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०४४/११/०५ | **६. नाम : कान्छी रेग्मी**<br>पतिको नाम : बलराम रेग्मी<br>ससुराको नाम: अनन्त प्रसाद रेग्मी<br>ठेगाना : भुमेस्थान - ६, धादिङ्ग<br>हाल : का.म.न.पा. - १४, काठमाडौं<br>ना.प्र.प.नं.: २६३/२२२८(०४४/४५<br>जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०४९/११/०५ |
| | **धितोको विवरण** | |
| | बलराम रेग्मीको नाममा मालपोत कार्यालय धादिङमा दर्ता रहेको भुमेस्थान - ६, धादिङ्ग स्थित कित्ता नं. ४२९ को क्षेत्रफल २-५-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

**लुम्बिनी विकास बैंक लि.**
**Lumbini Bikas Bank Ltd.**
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

**HUAWEI**

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

# VACANCY

**1 Position: Chief Executive Officer**

**No. of Person required: 1**

**Job Responsibilities:**

- Determine a high-quality business strategies and plan ensuring their perfect alignment with company's short-term and long-term business objectives and set the overall direction of the company in constantly changing competitive environment.
- Guide and drive other executives and High-Level Managers along a main objective and work to increase business outside of the company.
- Maintain awareness of the competitive market landscape, business scope expansion opportunities, industry developments, etc. And Lead the development of the company's short- and long-term strategy.
- Balance objectives internally and externally in order to strengthen and sustain the company.
- Analyze the risks involved before making any major purchase or investment and advise or report to the board as to the potential for return on the investment.
- Manage the organizational budget and resource utilization.
- Responsible to execute strategies across the organization, also create policies for the organization and communicate them to the staff.
- Focus on business development and High-Level Management issues.
- Ensure all executive and administrative tasks are handled efficiently and effectively.
- Oversee quality control throughout the company, establishing goals for each department in partnership with division Managers.
- Build and develop the capabilities of top managers by introducing and implementing international practices, systems and strategies.

**Requirements:**

- Bachelor Degree in Engineering.
- Minimum 10 years of experience preferably in telecom industry.
- In depth understanding of Nepal's as well as global telecom industry.
- An entrepreneurial mindset with outstanding organizational and leadership skills.
- Strong ability to communicate and understand customer requirements and recommend expert solutions and alternatives to the customers.
- Good proficiency in English language both spoken & written, organizer with proactive and friendly attitude.
- Knowledge and experience of telecom network planning & optimization would be an added advantage.
- Ability to speak & write Chinese language is preferred.

**Interested Candidates for the position are requested to send Job application and CV at nepal@huawei.com by 30th Dec 2024. Preference will be given to Nepalese citizen.**

## साउदीमा रोजगार

कम्पनी : SERVICE SUPORT CO. LTD — शहर: Al Khobar
पूर्व स्वीकृत मिति: २०८०/१२/२० — चलानी नं.: ६०२१७७६८ — L.T. No.: 302805 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 24 | 0 | स. काममा दक्ष | 1800 | ६५,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १५ गते (30 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

EQUATOR INTERNATIONAL (P.) Ltd. LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

## युएईमा रोजगार

कम्पनी : AL TANMYAH SERVICES L.L.C. — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०२/३१ — चलानी नं.: ६०२२११५५ — L.T. No.: 306439 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | स. काममा दक्ष | 1200 | ४४३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 3. | Foreman | 25 | 0 | | 1800 | ६६५१० | | | | | | | |
| 4. | Gypsum Carpenters | 50 | 0 | | 1500 | ५५४२५ | | | | | | | |
| 5. | Helper | 64 | 0 | | 900 | ३३२५५ | | | | | | | |
| 6. | Mason | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 7. | Mason(Marble & Ceramic)fixer | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 8. | Mason(Tile Layer) | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 9. | Plumber | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 10. | Scaffolder | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |
| 11. | Security Guard | 400 | 50 | | 1200 | ४४३४० | | | | | | | |
| 12. | Steel Fixer | 50 | 0 | | 1200 | ४४३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १५ गते (30 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि. — श्रम इजाजत पत्र नं. ८२९/०६६/०६७,
कुसुन्ती, ललितपुर, फोन नं.: ०१ ५४४६४२६ । फ्याक्स: ५००१७९८
मो.: ९८४१६६७३३९, ९८५११६७३३९, ९८०१२००६७८, ९८०१२००६७६, ९८०१२००६७७

## जापान र युएईमा रोजगार

१. कम्पनी : Nishinihon Kenwa Cooperative — शहर : Japan
पूर्व स्वीकृत मिति: २०८१/०८/१८ — चलानी नं.: ६०२२९१३४ — LT. No.: 314646

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NURSING CARE | 0 | 1 | स. काममा दक्ष | 178000 | १५४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : NISHI NIHON KENWA COOPERATIVE — शहर : Japan
पूर्व स्वीकृत मिति: २०८१/०८/१८ — चलानी नं.: ६०२२९१३५ — LT. No.: 314648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NURSING CARE | 0 | 2 | स. काममा दक्ष | 178000 | १५४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

३. कम्पनी : NISHI NIHON KENWA COOPERATIVE — शहर : Japan
पूर्व स्वीकृत मिति: २०८१/०८/२३ — चलानी नं.: ६०२३००५१ — LT. No.: 315067

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Form Worker | 2 | 0 | स. काममा दक्ष | 172000 | १४८,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

४. कम्पनी : NISHI NIHON KENWA COOPERATIVE — शहर : Japan
पूर्व स्वीकृत मिति: २०८१/०८/२३ — चलानी नं.: ६०२३००५२ — LT. No.: 315068

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Form Worker | 2 | 0 | स. काममा दक्ष | 172000 | १४८,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | |

५. कम्पनी : NISHI NIHON KENWA COOPERATIVE — शहर : Japan
पूर्व स्वीकृत मिति: २०८१/०८/२३ — चलानी नं.: ६०२३००५३ — LT. No.: 315069

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machinery | 2 | 0 | स. काममा दक्ष | 170000 | १४७,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | |

६. कम्पनी : Zag group technical services co LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०७ — चलानी नं.: ६०२३००५० — LT. No.: 315718

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason/Tile Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 5 | 0 | | 1200 | ४४,३४० | | | | | | | |
| 3. | Shattering Carpenter | 5 | 0 | | 1200 | ४४,३४० | | | | | | | |
| 4. | Steel Fixer | 5 | 0 | | 1200 | ४४,३४० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी ६ रु. १०,०००<br>अन्य रु. ४०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेे। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : ४०,०००
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।
**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ। जापान सरकारले औद्योगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ। साथै औद्योगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुस १५ गते (30 December 2024) मा हुनेछ।**

FEWA OVERSEAS PVT. LTD. Gov. Lic. No. 1559/079/80
Kageshwori Manohara 09 Airport Nagar Gothatar Kathmandu, Tel: +977-01-5914530, 9808655324
9851208683, 9843579742, E-mail: fewaoverseas11@gmail.com , website: fewaoverseas.com.np

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, बिदुर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०९/०८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिल:

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २६५९४८/०७८/०७९ कायम भई मिति २०७८/०४/१३ मा दर्ता भएको नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. ९ स्थित **चुलन पोल्ट्री फार्म एण्ड मल्टीप्रपोज एग्रो प्रोडक्ट्स प्रा. लि. ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १. | गंगाधर चित्रकारको नाती, भिम नारायण चित्रकारको छोरा, नुवाकोट जिल्ला, रत्नकालिका गा.वि.स./उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **सिंह नारायण चित्रकार ।** |
| २. | भिम नारायण चित्रकारको बुहारी, सिंह नारायण चित्रकारको श्रीमती, नुवाकोट जिल्ला, विदुर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **इश्वरी चित्रकार ।** |
| ३. | भिम नारायण चित्रकारको नाती, सिंह नारायण चित्रकारको छोरा, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **अशोक कुमार चित्रकार ।** |
| ४. | भिम नारायण चित्रकारको नाती, सिंह नारायण चित्रकारको छोरा, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **सनि चित्रकार ।** |
| ५. | बसन्त बहादुर महर्जनको छोरी, सनि चित्रकारको श्रीमती, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **सिता चित्रकार ।** |
| ६. | सिंह नारायण चित्रकारको नाती, सनि चित्रकारको छोरा, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ९ बस्ने **बबि चित्रकार ।** |
| | **धितो सुरक्षणको विवरण :** |
| १. | **सिंह नारायण चित्रकार**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, त्रिशुली गा.वि.स/न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २ को कित्ता नं. १८१५, २९०७ र ३७६० को क्रमशः ०-१४-१-०, ०-२-०-० र ०-०-१-३ (रो–आ–पै–दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. | **इश्वरी चित्रकार**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, त्रिशुली गा.वि.स/न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २ को कित्ता नं. ३४१ र ३७५९ को क्रमशः २-६-०-१ र ०-५-२-० (रो–आ–पै–दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com

## साउदीमा रोजगार

कम्पनी: SHYAM CONTRACTING EST. OWNER: SULAIMAN ABDULLAH ABDULKARIM AL FAHAD — शहर: AL RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/०५ — चलानी नं.: ६०२३००३५ — L.T. No.:315755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ISMAIL AHMED ISMAIL MADANI TRADING ESTABLISHMENT — शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८१/०८/२६ — चलानी नं.: ६०२३००३६ — L.T. No.:315250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १५ गते (30 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि. — श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## युएईमा रोजगार

कम्पनी: ACUME ELECTRICAL ENGINEERING SERVICES LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०७ — चलानी नं.: ६०२३००९१ — LT. No.: 315859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 2 | 0 | | 1100 | ४०,६४५ | | | | | | | |
This is to inform to all concerned in accordance with the Instructions to Bidders as Clause 27(2) of Public Procurement Act 2063(PPA) that it is our intention to award the following contracts of IFB No.: IFB-081/82-01 published on the date 13-11-2024, to the bidders as listed below as bid price of corresponding bidders, as corrected and modified, is determined to be substantially responsive and lowest evaluated bid price.

| S. N. | Contract No. | Description of works | Lowest evaluated substantially responsive bidder's name and address | Bid Amount exluding VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | SRNRP/337011224 /081/82-01 | Rayal Bridge River Training Works at Seti River. Bajhang | P.K. Contraction, Bajhang | 35,38,075.00 |
| 2 | SRNRP/337011694 /081/82-02 | Black Top and Structure Work Along Mauribagar-Durgathali Road Bajhang (ch 4+160 To 4-760) | Sain Nirman Sewa, Bajhang | 99,47,299.99 |
| 3 | SRNRP/337011694 /081/82-03 | Upgrading and Structres Works at Chainpur-Dhamilek-Suil-Mayana Road, Bajhang | Santoshi Nirman Sewa, Bajhang | 42,75,396.99 |
| 4 | SRNRP/337011694 /081/82-04 | Roadway Excavation and Structures works along Lachigad. Bhateli-Manakot sadak Bajhang | Satyaa Nirman Sewa Bajhang | 43,54,836.75 |
| 5 | SRNRP/337011694 /081/82-05 | Structures Works along Daatola-Badigaun-Dahakot Road Talkot Bajhang | Arch Tech Builders Pvt ltd. Kathamandu | 44,98,457.41 |
|  | SRNRP/337011694 /081/82-06 | Track Opening and Structures works At Jadlek-Dhalaun-Kanda Road, Bajhang | Mycle & Merry Nirman Sewa, Bajhang | 48,52,760.00 |

Please be informed that if review application from any bidders has not been received by this project within seven days as mentioned in Instruction to Bidders and Clause 47 of PPA then "Letter of Acceptance" will be issued to above listed bidder as per Clause 27(3) of PPA.

**Project Chief**

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसुचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०९/०८**

यस वित्तीय संस्थाको विभिन्न शाखा कर्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सुचनाको म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकंबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सुचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिल**

### १. ऋणीको विवरण

**ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा मिति २०७२/१२/१२ गते, दर्ता नं. ३३०/५६८६/०७२/०७३ भई, स्थायी लेखा नं. ६०३९२४६२६ भई सीतापुर गा.वि.स. वडा नं. ५, बाँके स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री रोशनी राईस मिल**
**ऋणी/प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : नर कुमारी चन्द**
बाबु : चुकु चन्द ठकुरी
पति : एक बहादुर मल्ल
ना.प्र.नं. : १८७९, जारी मिति : २०४५/०१/०४, जि.प्र.का. : बर्दिया, ठेगाना : बर्दिया जिल्ला बढैयाताल गा.पा. वडा नं. ०८, हाल बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०२ ।
**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**

**व्यक्तिगत जमानिकर्ता : एक बहादुर मल्ल**
बाबु : पैलवान मल्ल
बाजे : श्री कुमार मल्ल
ना.प्र.नं. : ४३/५३२
जारी मिति : २०४४/१२/२२, जि.प्र.का. : बर्दिया
ठेगाना : रुकुम जिल्ला आठबिसकोट गा.पा. वडा नं. ०४, हाल बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०२ ।

**व्यक्तिगत जमानिकर्ता : रोशन मल्ल**
बाबु : एक बहादुर मल्ल
बाजे : पैलवान मल्ल
ना.प्र.नं. : ६६३०३८/२९०
जारी मिति : २०७०/०२/०५,
जि.प्र.का. : बाँके
ठेगाना : बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०२ ।

### २. ऋणीको विवरण

**२) ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा मिति २०७७/०६/०७ गते, दर्ता नं. ३२६९२/७७/७८ भई, स्थायी लेखा नं. ६०२१९२६२४ भई जानकी गा.पा. वडा नं. ६, बाँके स्थित रहेको **श्री युनाइटेड लजिस्टिक ।**
**ऋणी/प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : हिमान्शु यादव**
बाबु : रामनिवास यादव
बाजे : तेजराम यादव
ना.प्र.नं. : ६६१०१७/२५२, जारी मिति : २०६७/०६/२४, जि.प्र.का. : बाँके
ठेगाना : बाँके जिल्ला गनापुर गा.वि.स. वडा नं. ०१ को परिवर्तित जानकी गा.पा. वडा नं. ०६ ।
**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा तथा सकुन्तला यादवको नाममा प्रवाह भएको आवास कर्जा**

**ख) ऋणी/व्यक्तिगत जमानिकर्ता : सकुन्तला यादव**
ससुर : तेजराम यादव
पती : रामनिवास यादव
ना.प्र.नं. : ११, जारी मिति : २०४४/११/२७, जि.प्र.का. : बाँके
ठेगाना : बाँके जिल्ला गनापुर गा.वि.स. वडा नं. ०१ को परिवर्तित जानकी गा.पा. वडा नं. ०६ ।

### ३. ऋणीको विवरण

**ऋणीको/व्यक्तिगत जमानिकर्ता : अजय वि.क.**
बाबु : विष्णु बहादुर कामी
बाजे : भवन सिङ कामी
ना.प्र.नं. : ४२२०१७/२९०७१
जारी मिति : २०६४/०३/२४, जि.प्र.का. : कास्की
ठेगाना : कास्की जिल्ला पो.म.न.पा. वडा नं. १७ हाल पो.म.न.पा. वडा नं. ०६, लेकसाइड ।
**कर्जाको प्रकार : व्यक्तिगत कर्जा**

**व्यक्तिगत जमानिकर्ता : पूर्णिमा विश्वकर्मा**
ससुर : विष्णु बहादुर कामी
पति : अजय वि.क.
ना.प्र.नं.: ४६-०१-७४-०३९०७
जारी मिति : २०७४/०४/३२
जि.प्र.का. : कास्की
ठेगाना : कास्की जिल्ला पो.म.न.पा. वडा नं. १७ हाल पो.म.न.पा. वडा नं. ०६, लेकसाइड ।

### ४. ऋणीको विवरण

**ऋणीको/व्यक्तिगत जमानिकर्ता : सुनिल नेपालि**
बाबु : रामजी सार्की
बाजे : बुदे सार्की
ना.प्र.नं. : १४७७८३
जारी मिति : २०६१/०३/०४, जि.प्र.का. : कास्की
ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १० हाल पोखरा म.न.पा. वडा नं. १० ।
**कर्जाको प्रकार : व्यक्तिगत आवधिक कर्जा**

**व्यक्तिगत जमानिकर्ता : लक्ष्मी सार्की**
ससुर : रामजी सार्की
पती : सुनिल नेपालि
ना.प्र.नं. : ४६३००१/६२९
जारी मिति : २०६३/१०/१२
जि.प्र.का. : कास्की
ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १० हाल पोखरा म.न.पा. वडा नं. १० ।

### ५. ऋणीको विवरण

**क) ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङमा मिति २०७६/११/२२ गते, प्रा.फ.नं.घ.उ.मो. १६५१६/०७६/०७७ मा दर्ता भएको, स्थायी लेखा नं. ६१३२०२४६२ भई मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ०२ स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री न्यु श्रेय कृषि फर्म** ।
**(प्रोप्राइटर : सुनिता राजवंशी)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**
**ख) ऋणीको नाम : रुद्र प्रसाद राजवंशी**
**कर्जाको प्रकार : व्यक्तिगत आवधिक कर्जा**

**प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सुनिता राजवंशी**
बाबु : सोभा चन राजवंशी
पति : रुद्र प्रसाद राजवंशी
ना.प्र.नं. : ११३३३/५९
जारी मिति : २०५८/०५/१५, जि.प्र.का. : मोरङ
ठेगाना : मोरङ जिल्ला, बवियाविर्ता गा.वि.स. वडा नं. ०३ को परिवर्तित मोरंङ जिल्ला, रंगेली न.पा. वडा नं. ०२ ।

**व्यक्तिगत जमानिकर्ता : रुद्र प्रसाद राजवंशी**
बाबु : सखिचन्द राजवंशी
बाजे : मगंल सिंह राजवंशी
ना.प्र.नं. : १७१४२
जारी मिति : २०४७/०७/२७, जि.प्र.का. ः मोरङ
ठेगाना : मोरङ जिल्ला बवियाविर्ता नगर/गा.पा. वडा नं. ०३ को परिवर्तित मोरंङ जिल्ला रंगेली न.पा. वडा नं. ०२

**व्यक्तिगत जमानिकर्ता : एलिसा राजवंशी**
बाबु : रुद्र प्रसाद राजवंशी
बाजे : सखिचन्द राजवंशी
ना.प्र.नं.: ०५-०२-७३-०२१९२
जारी मिति : २०७३/०७/१२, जि.प्र.का. : मोरङ्ग
ठेगाना : मोरङ्ग जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ०३ को परिवर्तित मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०२ ।

**व्यक्तिगत जमानिकर्ता : श्रेया कुमारी राजवंशी**
बाबु : रुद्र प्रसाद राजवंशी
बाजे : सखिचन्द राजवंशी
ना.प्र.नं : ०५-०६-७७-०२३१६
जारी मिति : २०७७/१०/१८,
जि.प्र.का. : मोरङ्ग
ठेगाना : मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०२ ।

### ६. ऋणीको विवरण

**ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिति २०७३/०८/२७ गते, प्रा.फ.र.नं. ७४५/०७३/०७४ भई, स्थायी लेखा नं. ६०५५१३०६८ भई चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३, पटिहानीमा स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री आर.के. इन्टरप्राइजेज ।**
**ऋणी/प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : कल्पना अधिकारी**
बाबु : सोमनाथ अधिकारी
पति : रविन्द्रराज भट्टराई
ना.प्र.नं. : ३५१०३२/८९८, जारी मिति : २०६८/०९/०१, जि.प्र.का. : चितवन
ठेगाना : चितवन जिल्ला पटिहानी गा.वि.स. वडा नं. ८, हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३ ।
**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**

**व्यक्तिगत जमानिकर्ता : रविन्द्रराज भट्टराई**
बाबु : युवराज भट्टराई
बाजे : हरी बहादुर भट्टराई
ना.प्र.नं. : ०४७१३९, जारी मिति : २०६६/०५/२५, जि.प्र.का. : चितवन
ठेगाना : चितवन जिल्ला पटिहानी गा.वि.स. वडा नं. ८, हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३ ।

# सडक सुरक्षा तथा यातायात व्यवस्थापनमा उच्चस्तरीय प्रविधि प्रयोग गर्न सुझाव

**काठमाडौं / मस**–सडक सुरक्षा तथा यातायात व्यवस्थापनमा उच्चस्तरीय प्रविधिको उपयोग गर्नुपर्नेमा विज्ञहरूले सुझाव दिएका छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आइतबार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका वैज्ञानिकहरूसँग गरेको छलफलमा उनीहरूले प्रविधिको उपयोगबाट यातायात व्यवस्थापनका साथै सडक सुरक्षा सहज बनाउन सकिने सुझाव दिएका हुन् ।



छलफलमा यातायात मन्त्री देवेन्द्र दाहालले सडक निर्माण मात्र नभई सुरक्षाको सवाल समेत जरुरी भएकाले मन्त्रालयले त्यसतर्फ पनि ध्यान दिएको बताए ।

विभिन्न निकाय तथा विज्ञहरूसँग आवश्यक समन्वय गरी सडक सुरक्षालाई दर्बिलो बनाउन र सेवाग्राहीहरूलाई सुरक्षित तथा सरल सेवा प्रवाह गर्न मन्त्रालय प्रतिबद्ध रहेको उनले बताए । मन्त्री दाहालले सडक सुरक्षा, व्यवस्थापन तथा सेवा प्रवाहलाई सरल पार्ने विषयमा कानुनी तथा नीतिगत जटिलताहरू भएमा त्यस्ता व्यवस्थाहरू सरल पार्न मन्त्रालय तत्पर रहेको समेत बताए ।

प्रतिष्ठानका सचिव रविन्द्रप्रसाद ढकालले विभिन्न राष्ट्रका विश्वविद्यालय एवम् प्राज्ञिक निकायहरूसँग सहकार्य गरी सडक सुरक्षा तथा यातायात व्यवस्थापनका क्षेत्रमा कार्य गर्न प्रतिष्ठान अग्रसर रहेको बताए । यस्तै प्रतिष्ठानकै वरिष्ठ वैज्ञानिक सुरेशकुमार ढुंगेल, ईश्वर बज्राचार्य, प्राविधिक अधिकृत हरिराम श्रेष्ठ लगायत मन्त्रालयकै प्राविधिकहरूसहित मन्त्री दाहालले सडक सुरक्षा तथा यातायात व्यवस्थापनमा प्रविधिको उपयोगबारे छलफल गरेका हुन् ।

त्यस क्रममा विज्ञहरूले अन्तर्राष्ट्रिय निकाय, विश्वविद्यालय तथा सोही प्रकारका अन्य प्रतिष्ठानहरूसँग सहकार्य गर्दा आवश्यक पर्ने नीतिगत एवम् कानुनी व्यवस्था सरल बनाई दिन आग्रह गरे ।

# ४ महिनापछि लेखा समिति बैठक आज बस्दै

**काठमाडौं / मस**–संसद्को सार्वजनिक लेखा समितिको बैठक चार महिनापछि आइतवार बस्दै छ । बैठक सोमबार दिउँसो १ बजे बस्ने तय भएको संसद् सचिवालयले जनाएको छ ।




बैठक गत भदौ ९ गतेयता बैठक बसेको छैन । समितिका पछिल्ला चार बैठकमा डेडिकेटेड तथा ट्रंकलाइन विवादको विषयमा छलफल भएको थियो । त्यसपछि समितिका सभापति ऋषिकेश पोखरेलले बैठक बोलाउन अनिच्छा देखाए ।

भदौ ९ गते बसेको बैठकले नेपाल विद्युत् प्राधिकरणसँग डेडिकेटेड तथा ट्रंकलाइनको प्रमाण माग गरेको थियो । त्यसपछि प्राधिकरणले करिब ७५ हजार पेज बराबरको विवरण समितिमा पठाइदिएको थियो ।

लामो समयसम्म बैठक नबसेको आलोचनापछि सोमबारका लागि बैठक डाकिएको हो । बैठकमा बेरुजुसँग सम्बन्धित छलफल गर्न बनेको उपसमितिको प्रगतिको समीक्षा गर्ने कार्यसूची छ ।

# नक्कली शैक्षिक प्रमाणपत्रको आरोपमा मुद्दा

**काठमाडौं / मस**– अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा कार्यरत एक जना कर्मचारीविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।

बढुवाका लागि नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको आरोपमा अस्पतालको जुनियर असिस्टेन्ट मनसुन नेपालविरुद्ध मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार नेपालले विद्यालय तहको नक्कली शैक्षिक प्रमाण-पत्र पेस गरी बढुवा भएको भन्ने उजुरीका आधारमा छानबिन गरिएको थियो ।

छानबिनका क्रममा नेपालले क्यान्सर अस्पतालमा जुनियर असिस्टेन्ट पदमा बढुवा हुनका लागि एसएलसीको लब्धाङ्कपत्र र परोपकार आदर्श माध्यमिक विद्यालय काठमाडौंको नामको चारित्रिक प्रमाणपत्र नक्कली पेस गरेको पाइएको घिमिरेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# ३ तह जोड्ने २ पक्की पुल शिलान्यास

**नुवाकोट / मस**–नुवाकोटमा एकैपटक तीन वटा स्थानीय तह जोड्ने पुलको शिलान्यास भएको छ। दुई स्थानमा एकै पटक शिलान्यास गरिएसँगै पक्की मोटरेबल पुलको निर्माण सुरु गरिएको हो ।

बागमती प्रदेश सरकारको आर्थिक लगानीमा बेलकोटगढी नगरपालिका-१३ र लिखु गाउँपालिका ३ जोड्ने सुपारीखोल्ची मोटरबेल पुल र लिखु गाउँपालिका-३ र ककनी गाउँपालिका ३ जोड्ने कटरबोट सिन्दुरेखोलामा पक्की मोटरेबल पुलको निर्माण सुरु भएको हो । दुवै पुलको बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङ र भौतिक पूर्वाधार विकासमन्त्री



अमनकुमार मास्केले संयुक्त रूपमा एकैपटक शिलान्यास गरेका हुन् ।

बेलकोटगढी-१३ र लिखु गाउँपालिका ३ जोड्ने सुपारीखोल्ची मोटरेबल पुल कुल आठ करोड ४६ लाख ४२ हजार चारसय ७४ रुपैयामा बन्ने छ । पुल ४१ दशमलव चार मिटर लम्बाइ र आठ दशमलव चार मिटर चौडाइ रहने छ । लिखु गाउँपालिका-३ र ककनी गाउँपालिका-३ जोड्ने कटरवोट सिन्दुरेखोलामा पक्की मोटरेबल पुल कुल पाँच करोड ८६ लाख २३ हजार आठसय १८ रुपैयाँको लागतमा बनने छ । २५ दशमलव ६ मिटर लम्बाइ र आठ दशमलव चार मिटर चौडाइको निर्माण योजना रहेको पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाले जानकारी दिए ।

उनका अनुसार दुवै पुलमा पैदल यात्री हिँड्ने एक दशमलव दुई मिटर चौडाइको स्थानसहित निर्माण सुरु भएको हो । पुलको शिलान्यास गर्दै मुख्यमन्त्री बहादुर सिंह लामातामाङले दीर्घकालीन, गुणस्तरीय र प्रभावकारी रूपमा पुलको समयमै निर्माण गरेर सर्वसाधारणलाई सेवा दिनुपर्ने बताए । उनले विकासमा दलगत रुपमा हेर्न नहुने र आफूले पनि जनताको पक्षमा काम गरिरहेको बताए ।

# 'घुम्न जाऔं बर्दिया' अभियान सुरु

**अर्घाखाँची / मस**–लुम्बिनी प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्य बर्दियालाई लक्षित गरेर प्रदेश सरकारले 'घुम्न जाउँ बर्दिया' अभियान सुरु भएको छ । स्थानीय सरकार ठाकुर बाबा नगरपालिकासँग सहकार्य गरेर प्रदेश सरकारले अभियान सुरु गरेको हो ।



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आइतवार अभियानको शुभारम्भ गरे । प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत 'घुम्न जाउँ बर्दिया' अभियान सञ्चालन गरिएको लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्थामन्त्री प्रचण्ड विक्रम न्यौपानेले बताए ।

प्रदेश सरकारले कृषि, पर्यटन, उद्योग र पूर्वाधार विकासलाई समृद्धिको आधारको रूपमा लिएको छ । जसअन्तर्गत आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न बर्दिया जिल्लालाई लक्षित गरेर अभियान चलाइएको हो । अभियानको शुभारम्भ गर्दै मुख्यन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले पर्यटन क्षेत्रको विकासका लागि ध्यान दिएको र त्यसको सुरुवात बर्दियाबाट गरिएको बताए । 'बर्दिया जिल्लाको ऐतिहासिक स्थल र यहाँ रहेको राष्ट्रिय निकुञ्ज भ्रमणको गन्तव्यस्थल हो', उनले भने ।

प्रदेश सरकारले कर्मचारीलाई आन्तरिक पर्यटकीय क्षेत्रको भ्रमणका लागि १० दिनको समय उपलब्ध गराउने जानकारी दिँदै मुख्यमन्त्री आचार्यले उनीहरूलाई पनि बर्दिया जिल्लाको भ्रमणका लागि आह्वान गरे । उनले भने, 'समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेशको अभियान पर्यटनबाट सम्भव छ । त्यही भएर सरकारले यसलाई उच्च प्राथमिकतामा राखेको छ ।'

बर्दिया राष्ट्रिय निकुञ्जसँगसँगै जिल्लाकै पर्यटकीय क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने मुख्य उद्देश्यले 'घुम्न जाउँ बर्दिया' अभियान आयोजना गरिएको लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री न्यौपानेको भनाइ छ ।

Congratulations
NEPAL CLEARING HOUSE
16th Anniversary

जानकी फाइनान्स कम्पनी लि.
Janaki Finance Company Ltd.
जनकपुर धाम, नेपाल
Phone No.: 041-590586, 041-590587
Fax: 041-590588
E-mail: janakicompanyltd@gmail.com

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4423618, 4423630, Fax No: +977-01-4423657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
www.gurkhasfinance.com.np

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
Central Office: Newroad, Pokhara
Phone No. 061-583590,583634
Email: info@greenbank.com.np
Website: www.greenbank.com.np

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
Make A Visible Difference
Beema Bhawan, Gyaneshwor
Kathmandu, Nepal
Ph: 4530583, 4542263
info@neco.com.np
www.neco.com.np

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

मेरोमाइक्रोफाइनान्स
Battar, Bidur-4, Nuwakot, Telephone: +977 10 561746/561747
Email:corporate@meromicrofinance.com
Web: www.meromicrofinance.com
Contact Office: Sitapaila, Kathmandu, Telephone: 01-5315936/937

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
Head office:Omkar Building,Second Floor
Naya Baneshwor, GPO Box :23170,Kathmandu,Nepal
Tel:01-4792517,4794170,4793185,Fax:01-4792534
Email:info@manjshreefinance.com.np
www.manjushreefinance.com.np

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
Samudayik Laghubitta Bittiya Sanstha Limited
Banepa Municipality-14, Sanga
Kavrepalanchowk, Nepal
Tel: +977-011-662251,+977-011-660452
Email: info@slbsl.com.np

कालिका लघुवित वित्तीय संस्था लि.
Kalika Laghubitta Bittiya Sanstha Ltd.
Pokhara-10, BuddhaChowk, Kaski
+977 061 431412, +977 061 431415
info@kalikabank.com.np
www.kalikabank.com.np

श्रृजनशील लघुवित वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
Aviyan Laghubitta Bittiya Sanstha Ltd
Address: Paunati-4,kavre
Email: aviyanlaghu@gmail.com
Contact: 011-441027
Website: www.aviyanlaghubitta.com

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
Address: Sanga,Kavre, Nepal
Email: info@mlbsl.com.np mlbsl.nepal@gmail.com
Contact: 011-661329
Website: www.mlbsl.com.np

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
Address: Katahri-1, Morang, Nepal, Contact: 9802796196, 977-021-442662
Email: info@jeevanbikasmf.com, Website: www.jeevanbikasmf.com

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540430 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
Kathmandu-03, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal
Email: info@laxmilaghu.com.np
Ph: +977-1-4373682 +977-1-4370548

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Address: Banepa-10, Kavrepalanchowk
Email: info@aarambhachautari.com,
aarambhachautari@gmail.com
Contact: 011-664579
Website: www.aarambhachautari.com

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Mukti Chowk, Ward No.-4,
Birtamode Municipality
Ph.: 023-533563/64 023-534010
Email: info@edb.com.np

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड
Matribhumi Laghubitta Bittya Sanstha Ltd.
Budhanilkantha-8, Kathmandu
Ph.: 01-4372274
Email: info@matribhumimf.com.np

सलिको
SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

PRABHU
Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

**Invitation for Sealed Quotation**

**Kanakasundari Rural Municipality**

**Kanakasundari, Jumla**

**Invitation for Sealed Quotation for the procurement of Sanitary Pads of Kanakasundari Rural Municipality For Public School**

**Sealed Quotation No: SQ/GOODS/KSRM/01/2081/082**
**Date of Publication: 23-12-2024 (2081/09/08)**

1. The Kanakasundari Rural Municipality Jumla invites sealed quotations from registered Suppliers for the Procurements of Sanitary Pads of Kanakasundari Rural Municipality For Public School.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jumla Kanakasundari, 9848356659, ***pudbcjumla@gmail.com***. OR [may visit PPMO website ***www.bolpatra.gov.np***.]
3. Bid document fee payment NRs. 1000.0 till 06-01-2025 12:00 during office hours. Total estimated cost without VAT NRs. **10,50,560.00.**
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e ***www.bopatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank: Kumari Bank Ltd. ii. Name of Office: Kanakasundari Rural Municipality Jumla
   iii. Office Code no: iv. Office Account No : 0870035749600007
   v. Rajaswa (revenue) Shirshak No:
5. Sealed bids must be submitted to the office Kanakasundari Rural Municipality Jumla Kanakasundari by through e-GP system i.e ***www.bopatra.gov.np/egp*** on or before 06-01-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-01-2025 14:00 at the office of Kanakasundari Rural Municipality, Kanakasundari, Jumla, Karnali Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 32,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.10870035749600003] at [Kumari Bank Ltd. Kanakasundari Rural Municipality Birat Jumla] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**ठाटीकाँध गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लकान्द्र, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

**प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८१/०९/०८ गते**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०८१/०७/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र (1S2E Process) आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र PPMO को E-Procurement Portal मा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभूत रूपमा प्रभावग्राही भएका तपसिल बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम (५) बमोजिम मिति २०८१/०९/१६ गते १३:०० बजे यस कार्यालयमा खोल्ने व्यहोरा सम्पूर्ण बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | कामको विवरण /ठेक्का नं. | प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताहरुको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| 1 | Thatikandh Bijare Dhankot Naulawan Kandh sadak naya Nirman Tatha Staraunati Thatikandh Gaupalika 01,02,04,06 Dailekh (Works at Thatikandh Bazer Area) (Contract ID TRM/DLK/NCB/TBDNKSNTS/04/2081/082) | Jwalapanchakoshi/ Birat JV Chamunda bindrashaini-7, Dailekh Nepal. | |

**प्रमुख प्रशासकीय अधिकृत**

# स्थानीयले लिए भारतीय एक्स्काभेटर नियन्त्रणमा

**काठमाडौं/मस-**नेपाल-भारत सीमा नदी महाकालीको पानी नेपालतर्फ 'डाइभर्सन' गर्दै गरेको अवस्थामा भारतीय एक्स्काभेटर र चालकलाई स्थानीयले नियन्त्रणमा लिएका छन् ।



दार्चुला सदरमुकाम नजिक महाकाली नगरपालिका- ५ स्थित वीरेन्द्र वन नजिक महाकालीको पानी नेपालतर्फ 'डाइभर्सन' गर्दै गरेको अवस्थामा भारतीय एक्स्काभेटर र चालकलाई स्थानीयले नियन्त्रणमा लिएका हुन् ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) यज्ञराज जोशीले भारततिर बाँध बनाउने क्रममा नेपालतर्फ पानी (डाइभर्सन) गरिएको बताए । उनले नेपालतर्फ बाँध बनाउँदा पनि भारततर्फ पानी (डाइभर्सन) गर्ने गरिएको बताए ।

उनले भने, 'नेपालतर्फ बाँध बनाउँदा भारत र भारततिर बाँध बनाउने क्रममा नेपालतर्फ पानी लगाउने (डाइभर्सन) गर्ने गरिन्छ । हामीले बाँध बनाउँदा पनि भारततर्फ पानी डाइभर्सन गर्ने गर्दछौं । अहिले भारततर्फ बाँध बनिरहेको हुँदा यता डाइभर्सन गरिएको हो ।'

# चिसोले भौतिक निर्माणको काम ठप्प

**जोमसोम/मस**-मुस्ताङमा अत्यधिक चिसो बढेसँगै भौतिक विकास निर्माणको काम ठप्प भएको छ । चिसोको कारण उपकरण सञ्चालन, जनशक्ति व्यवस्थापन तथा विकास निर्माण कार्यमा अवरोध सिर्जना भएकाले दर्जनौं योजनाको काम रोकिएको हो ।



बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत मुस्ताङ खण्डको सडक निर्माण योजनाको काम चिसोले प्रभावित भएका हुन् । मुस्ताङमा निर्माणाधीन केही सडक तथा पुलका योजनाहरू निर्माण कम्पनीका कारण अलपत्र छन् । आयोजना अन्तर्गत सञ्चालनमा रहेका केही योजनाहरू पनि अहिले चिसोका कारण रोकिएको कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाका प्रमुख धुव्र झाले बताए ।

आयोजना प्रमुख झाका अनुसार मुस्ताङमा आयोजनाका विकासका कामहरू पुस अगावै चिसोले ठप्पै रोकिएको हो । मुस्ताङको तापक्रम माइनसमा झरेको छ । उपल्लो मुस्ताङमा झनै अत्यधिक चिसोले स्थानीय नागरिकको दैनिकी समेत निकै कष्टकर छ । यसैका कारण पनि विकास योजनाका कामहरू सञ्चालन गर्न निकै चुनौती हुन्छ ।

चिसोका कारण विकास निर्माण कार्यका लागि परिचालन हुने उपकरणहरू स्टार्ट नहुने, निर्माण स्थलमा काम गर्न नसकिने भएकाले विकास निर्माणमा प्रयोग भएका उपकरण चलाउने अपरेटरहरू कार्यस्थलमा खटिन सक्दैनन् । चिसोले सडक तथा पुल लगायतका विभिन्न योजनामा परिचालन भएका मजदुर जनशक्ति समेत चिसो सहन नसकेर अन्य स्थानमा फर्किने गर्छन् । चिसोले विकास निर्माणको कार्य गर्दा सिमेन्ट, छठ र बालुवाको काम गर्न सक्ने अवस्था रहँदैन ।

# नश्लीय र साम्प्रदायिक व्यवहार देखाउनेलाई कारबाही गर्न माग




काठमाडौं/मस-मधेशी आयोगले नेपाल प्रिमियर लिग (एनपीएल) मा नश्लीय र साम्प्रदायिक व्यवहार देखाउने उद्दण्ड र अराजक समूहलाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ ।

आयोगले एनपीएलको क्वालिफायर-२ अन्तर्गत जनकपुर बोल्ट्स र कर्णाली याक्सबीचको खेलमा उद्दण्ड र अराजक समूहद्वारा जनकपुर बोल्ट्सप्रति नश्लीय र साम्प्रदायिक व्यवहार देखाएको जनाएको छ ।

'विभिन्न प्रकारका सञ्चार माध्यमबाट प्रस्टिएकाहरूमाथि राज्यका जिम्मेवारीमा बसेका सुरक्षा निकायहरूले कुनै पनि कारबाही नगर्नु अशोभनीय रहेको र जिम्मेवारी बोध नभएको देखिन्छ,' आयोगले आइतवार विज्ञप्ति जारी गर्दै भनेको छ । संविधान, ऐन र कानुनले सबै सामाजिक रीतिरिवाजलाई प्रतिबिम्ब गरेपनि सोच र व्यवहारमा भने परिवर्तन हुन नसकेको आयोगले जनाएको छ ।

'कुनै पनि देशको संविधान, ऐन, कानुनले त्यो मुलुकको सभ्यता, संस्कृति, प्रथा, परम्परा, सोच, व्यवहार र सामाजिक रितिरिवाज समेतलाई प्रतिबिम्बित गरेको हुन्छ । संविधान, ऐन, कानूनले विभेद, गलत रीतिरिवाज, छुवाछूतविरुद्ध कानुनी रूपमा दण्ड सजायको व्यवस्था गरेको छ । तर, सो कानुनी व्यवस्थाको बावजूद पनि यस्ता विभेदकारी सोच र व्यवहार व्यवहारिक रूपमा विद्यमान नै रहेको देखिन्छ,' आयोगले भनेको छ ।

# अन्तर्राष्ट्रिय रामायण कन्क्लेभ सम्पन्न



**जनकपुर/मस -** जनकपुरधाममा दुई दिवसीय अन्तर्राष्ट्रिय रामायण कन्क्लेभ आइतवार सम्पन्न भएको छ । जानकी मन्दिरको परिसरमा शनिबार र आइतबार कन्क्लेभ आयोजना गरिएको थियो ।

भारतको उत्तरप्रदेश सरकारको पर्यटन विभाग, जानकी मन्दिर र जनकपुरधाम उपमहानगरपालिकाको संयुक्त आयोजनामा जानकी जन्मभूमि जनकपुरधाममा अन्तर्राष्ट्रिय रामायण कन्क्लेभको आयोजना गरिएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए ।

कन्क्लेभमा भजन सम्राट पद्मश्री अनुप जलोटा, पद्मश्री मालिनी अवस्थी, चिराग जैन, सुफलता त्रिपाठीको भजन सन्ध्या कार्यक्रम सम्पन्न भएको छ । मिथिला नाट्यकला परिषद्ले जानकी लीला र मथुराको बमर सिया तथा धोबियाले लोकनृत्य प्रस्तुत गरेको थियो ।

कन्क्लेभको पहिलो सत्रमा रामायण समागमअन्तर्गत भारतका जगतगुरु विद्या भाष्कर महाराज, सन्त सुखदेव दास, बालक दास र नेपालका स्वामी डा पुरुषोत्तम आचार्य, रामानन्द महाराजसहित जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवको सहभागिता रहेको थियो । दोस्रो दिन आजको सत्रमा भजन सम्राट पद्मश्री अनुप जलोटा, पद्मश्री मालिनी अवस्थी, चिराग जैन, सुफलता त्रिपाठीको भजन सन्ध्या कार्यक्रम सम्पन्न भएको छ ।

भारत सरकारको रामायण सर्किट अन्तर्गतको मार्गमा जनकपुरधाम पनि समावेश छ । उत्तरप्रदेशको अयोध्या र जनकपुरधामबीच त्रेतायुगकालीन सम्बन्ध रहेको छ । त्रेतायुगमा भगवान् रामले भगवान् शिवको धनुषलाई भंग गरेपछि मिथिलाकी युवराज्ञी सीतासित विवाह सम्पन्न भएको थियो ।

भारत सरकारले रामायणमा आधारित धार्मिक, सांस्कृतिक महत्व भएका स्थलहरूलाई धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्न रामायण 'सर्किट' बनाएको छ । रामायण सर्किटको प्रमुख स्थानहरूमध्ये जनकपुरधाम र धनुषाधाम एक हो । अन्तर्राष्ट्रिय रामायण कन्क्लेभ जनकपुरधाम समेत भारतको ६ राज्य र श्रीलंकामा समेत गरी १० स्थानमा आयोजना गरिनेछ । भजन सम्राट जलोटाले भने,'जनकपुर र अयोध्याबीच प्रेम र सद्भावको सम्बन्ध छ । रामको महत्व सीतासँग छ । जनकपुरले विश्वलाई नै प्रेम र मिलनको सन्देश दिन्छ, यो अलौकिक भूमिलाई अन्तर्राष्टिय पहिचानको आवश्यकता छ ।'

# लागुऔषध कारोबारमा दाजुभाइ पक्राउ

धरान/मस-लागुऔषध कारोवारमा संलग दाजुभाइ पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय धरानको टोलीले धरान-८ भोटेपुलबाट उनीहरूलाई पक्राउ गरेको हो ।



इलाका प्रहरी कार्यालय धरानका प्रहरी निरीक्षक दिवश कुँवरका अनुसार लागुऔषध कारोबार गर्ने धरान-८ का २६ वर्षीय महेश राई र २३ वर्षीय मनिस राई पक्राउ परेका हुन । पक्राउ परेका दुवैजना सहोदर दाजुभाइ हुन् ।

दुवैजनाले आफ्नै घरमा लागुऔषध कारोबार गरिरहेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरी परिचालन गरी घरमा खानतलासी गर्दा घरको कोठाभित्र प्रतिबन्धित लागुऔषध ट्रामोल २० हजार क्याप्सुलसहित दाजुभाइलाई पक्राउ गरिएको प्रहरी निरीक्षक कुँवरले जानकारी दिए । पक्राउ दाजुभाइलाई जिल्ला अदालत सुनसरीबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको उनले बताए ।

# हिउँद लाग्यो, हिउँ नै परेन



**नविन अंकुर/रासस**
मनाङ, ७ पुस

हिउँदयाम लागेसँगै देशभर क्रमशःचिसो बढ्दै छ । हिमाली जिल्ला मनाङलगायत क्षेत्रमा त अत्यधिक चिसो बढिसकेको छ । यहाँका नदी, खोला, धाराका पानी जम्न थालेका छन् तर यसपटक हिउँ भने परेको छैन । मुख्य समयमै हिउँ नपरेपछि स्थानीय चकित छन् ।

स्थानीय हिमपात हुनुपर्ने समयमा हिउँ नै नपर्दा नियमित चक्र बिथोलिने र कृषि उत्पादन घट्ने चिन्तामा छन् । मनाङ ङिस्याङ गाउँपालिका-१ पिसाङका याङदुङ गुरुङ भन्छन्, 'हामी खेती किसानी र पशुपालन गरेर जीविकोपार्जन गर्ने मान्छेलाई समस्या भएको छ । हिउँ नपरेपछि पानी हुँदैन, पानी नभए खेती । खै, के भएर होला ! आजकल समयमा हिउँ पर्न छोड्यो ।'

समयमा हिउँ नपर्दा सिँचाइको अभावमा मुख्यगरी किसानलाई समस्या भएको गुरुङको भनाइ छ । 'हिउँ परेको भए खेती पनि सप्रिन्थ्यो, त पानी नै पुग्दैन । किसानलाई त प्रकृतिले पनि ठग्न थाल्यो', उनले सुस्केरा हाल्दै भने ।

केही वर्ष पहिलेसम्म हिउँ परेर यहाँका हिमाल सेताम्मे हुन्थे । पर्याप्त पानी हुँदा किसान 'मानो रोपी मुरी उब्जाउने' काममा व्यस्त हुन्थे । अचेल भने न हिमाल सेता छन् न त किसानले सजह रूपमा कृषिकर्म गर्न पाएका छन् ।

प्रमुख जिल्ला अधिकारी मातृका आचार्य पनि पुस लागिसक्दासमेत हिउँ परेपछि चकित छन् । हिउँ नपरी चिसो अत्यधिक बढेकाले उनलाई प्राकृतिक नियम नै फेरिएजस्तो महसुस भइरहेको छ । 'जिल्लाका अधिकांश ठाउँमा चिसोका कारण पिउने पानीसमेत जमेका छन् तर हिउँ भने परेको छैन । जसले प्रकृतिको भरमा खेती गर्नुपर्ने किसान निराश छन् । अरु मानिस नियमित प्राकृतिक चक्र नै बिथोलिन थालेकामा चिन्तित छौँ', आचार्यले भने ।

पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङ विगत केही वर्षदेखि हिउँ पर्ने समय बदलिँदै गएको बताउँछन् । यसले उत्पादन घट्दै गएको र खेतीबाली नै परिवर्तन गर्नुपर्ने अवस्था आउन थालेको उनको अनुभव छ । 'हिउँकै पानीले सिँचाइ हुने यहाँ हिउँ नै नपरेपछि पानीको अभाव देखिने नै भयो । प्राकृतिक स्वभाव फेरियो, अब हामीले पो कसरी फेरिने होला ? यस्तो अवस्थासँग कसरी अनुकूलित हुने होला !', उनले गुरुङले जिज्ञासा राखे ।

स्थानीय फुर्वा छिरिङ लामाले पनि यहाँको हावापानीमा परिवर्तन भएको अनुभव गरेका छन् । उनी भन्छन्, 'यतिबेला हिउँले सेताम्मे भएर घर बाहिर निस्कन वा कामकाज गर्ने सकस हुन्थ्यो । खै ! अचेल त हिउँ नै नपरी चिसो मात्रै बढ्छ । यो त अचम्मै भयो ।'


## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ्ग
कोशी प्रदेश, नेपाल

### दरभाउ पत्र स्वीकृत गर्ने सम्बन्धि आसयको सूचना

(प्रकाशित मिति २०८१/०९/०८)

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम तपसिल अनुसारको कार्यक्रमको लागि दरभाउ पत्र माग गरी प्रभाव राष्ट्रिय दौनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम शिलबन्दी दरभाउ पत्रको माध्यमद्वारा प्राप्त हुन आएका दरभाउ पत्र सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम मिति २०८१/०९/०५ गते स्वीकृतीका लागी निर्णय गरिएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागी यो आसयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण | फर्म / संस्थाको नाम , ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KRM/SQ/ RFQ/01/081/082 | Hiring a firm for skills Development Training in LL | Jay Nepal Hotel Management and Technology Training Pvt. Ltd, Biratnagar-05, Morang | ४,३८,८७२.७९ ।- ( चार लाख अड्तीस हजार आठ बहत्तर रुपैया र उन्नासी) (भ्याट समेत ) | |

प्रमुख प्रशासकीय अधिकृत



## पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सानगाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत आर्थिक प्रस्ताव खोल्ने सूचना

प्रकाशन मिति : २०८१/०९/०८

यस कार्यालयबाट निम्नानुसारको कार्यको लागि निर्धारित मितिभित्र विद्युतिय खरिद प्रकियामा दर्ता भएका बोलपत्रहरु खोली प्राविधिक प्रस्तावहरु मूल्यांकन गर्दा तपशिल अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताका आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज उपनियम (४) र (५) बमोजिम आर्थिक प्रस्ताव मिति २०८१/०९/१४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स | ठेक्का नं/कामको विवरण | सारभूत रुपमा प्रभवग्राही तथा योग्यता आधारमा सफल बोलपत्रदाताको नाम ठेगाना |
|---|---|---|
| 1. | PRM/DOTI/R/NCB-02RE/081/082, Construction of Sukalimati-Jaumala-Gajada-Bagada-Pokhari-Timurdaha Road Project (Section Pokhari Timurdaha 9+500 to 12+500 New cutting) | क) Indradhanu–Nagarjun JV patan –06, Baitadi<br>ख) Goraknath–Bhim–New Nepal JV safebagar–03, Achham<br>ग) RC/UNS JV safebagar–04, Achham<br>घ) SSNS–CPCS–JNS JV Dhangadhi–05, kailali<br>ङ) PS Construction silgadhi–06, Doti<br>च) Royal–Jamuna–New Kalbhairab J.V Safebagar–07, Achham<br>छ) Bhawani–Unnnati J.V Silgadhi 04, Doti |

प्रमुख प्रशासकीय अधिकृत



## Invitation for Bids
## Jhapa Rural Municipality
## Office of Rural Municipal Executive
Taghandubba, Jhapa

**Invitation for Bids No: SQ/JHAPA/JRM/GOODS/02/081-82**
**Date of publication: 2024-12-23 (2081-09-08)**

1. Jhapa Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of [Supply and Delivery of Ayurveda Medicine 081/82] under Sealed Quatation Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office [Jhapa Rural Municipality] through PPMO website www.bolpatra.gov.np/egp on or before [12:00PM] on [2025-01-07 (2081/09/23)]. Bids received after this deadline will be rejected.

**Chief Administrative Officer**

# मन्त्री गाउँ पुगेपछि...

**लमजुङ/रासस–** लट्ठीको साहारामा उभिएको बुढो शरीर । पावरवाला चस्माले परैबाट कसैलाई ठम्याउन खोज्दै थियो । आफ्नै जिल्लाबाट चुनिएर गएका नेता मन्त्री बनी गाउँघर आउनुभएको खबर सुनेर लमजुङ राइनास नगरपालिका-७ का ७९ वर्षीय वृद्ध धनश्याम गिरी हर्षित देखिन्छन् । आफूले भोट दिएर जिताएको जनप्रतिनिधि मन्त्रीका हैसियतले एक्कासी आफ्नै घरआँगनमा आउँदा खुशी देखिनलाई स्वभाविकै मान्नुपर्ला ।

प्रायः जन्मथलो सम्झेर गाउँमा पुग्ने नेताहरूमध्येमा पर्छन् । नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ । जिल्लावासी तथा स्थानीय गाउँलेले उनीप्रति देखाएको आशा र भरोसालाई अझ जगाउनुपर्दछ भन्ने मूल्यमान्यतालाई आत्मसात् गर्दै जिल्लाबासी जनतासँग एकापसमा साक्षात्कार गरी रमाउन मनपराउने मन्त्री गुरुङ यही पुस ३ र ४ गते गृह जिल्ला लमजुङको राइनास नगरपालिका हुँदै क्व्हलासोथार गाउँपालिका र पर्यटकीयस्थल घले गाउँसम्म पुगे ।



क्व्हलासोथार गाउँपालिकाको प्रशासकीय भवन र मालिङ प्राथमिक अस्पतालको भवन उद्घाटन गरेका मन्त्री गुरुङले स्थानीयवासीसँग प्रत्यक्ष भेटेर उनीहरूको दुःख सुख बझे । मन्त्री भेट्नैका लागि काम छोडेर बाटामा हात जोड्दै उभिएका स्थानीयप्रति कृतज्ञ भई मन्त्री गुरुङ हालखबर सोध्दै भन्थे, 'ज्यानलाई आरामै छ नि बुबा-मुवा, दाजू-दिदी, साथी !'

मन्त्री गुरुङ आफू सदैव जनताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्छ भन्ने मान्यता राख्छन् । फोनको भरमा र सुनेको भरमा जनताका वास्तविक समस्या बुझिँदैन । त्यसैले त घर-दैलोमै पुगी स्थानीयका सुखदुःखमा साथ दिन उनी चाहन्छन् । राइनास नगरपालिका-८ तार्कुघाटस्थित श्री वीरभक्ति माध्यमिक विद्यालयको ५७औँ वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा पुगेका मन्त्री गुरुङले विद्यालयको अवस्था प्रत्यक्ष नियाले। विद्यार्थीका लागि आवश्यक पर्ने कम्प्युटर प्रयोगशाला, स्कुल बस र खेल मैदानलगायत भौतिक पूर्वाधारको अभाव भएको महशुस गर्दै उनले थपे, 'शौचालय निकै फोहर रहेछ, यसलाई व्यवस्थित गर्नुहोस् ।'

सूचनाप्रविधिमैत्री विद्यालय बनाउने उद्देश्यका साथ उनले जिल्लाका दश विद्यालयमा कम्प्युटर प्रयोगशालाका समेत व्यवस्था गरिदिएका छन् । मन्त्री गुरुङ अहिले मन्त्रालयको जिम्मेवारीअन्तर्गत देशभर इन्टरनेट फोन सेवा विस्तार गर्न लागेका छन् । उनका अनुसार डिजिटल फेर्मवक बनाउने उद्देश्य सार्थक पार्न देशका कुना-कन्दरामा इन्टरनेट तथा टेलिफोन सेवा पुऱ्याउनै पर्छ । डिजिटल फेर्मवकको व्यवस्थासँगै इन्टरनेटमा आधारित शिक्षा, रोजगार तथा व्यापारको प्रबर्द्धन, विकास तथा विस्तारमा सहयोग पुग्ने भएकाले त्यसतर्फ सरकारले विशेष ध्यान दिएको उनले स्पष्ट गरे ।

गाउँमा मन्त्री पुग्दा जनताका असिमित आशा र माग त हुन्छन् नै राम्रो काम गरेको भनेर प्रशंसा गर्ने जनता पनि प्रसस्तै भेटिए । राइनास नगरपालिका-४ का पद्मराज पन्थीले मन्त्री गुरुङलाई हार्दिकता साथ धन्यवाद दिँदै भने, 'यो चिल्लो सडक तपाईंकै कारणले सम्भव भएको हो मन्त्रीज्यू !', ७२ वर्षीय स्थानीय पन्थीले भने, १ सडक पक्की बनेपछि हामी गाउँलेको दैनिकी फेरिएको छ । रोजगार र व्यापार फस्टाएको छ । मान्छेहरुको चहलपहल बढ्दो छ ।' वृद्ध पन्थीले आजभन्दा तीन दशकअघि सदरमूकामबाट हिँडेर गाउँ आउँदा खुट्टामा फोका उठ्ने गरेको विगत सम्झिनुभयो । दुई वर्षअघि धुलाम्मे हुने राइनास गाउँपालिकाको सडक अहिले मन्त्री गुरुङकै पहलमा कालोपत्र भएको छ। सडक पक्की भएपछि गाउँको जग्गाको मूल्य आकासिएकोमा स्थानीय खुसी छन् । 'कुनै बेला एक हजार दुई सय पर्ने घडेरीको मूल्य अहिले ३० लाख रुपैयाँ भन्दामाथि पुगिसक्यो', उनले भने, 'यी सबै सडक विस्तारको चमत्कार हो, जुन मन्त्रीज्यूको कारण सम्भव भएको हो, हामी खुशी छौं ।'

पुस ४ गते मन्त्री गुरुङ क्व्होलासोथार गाउँपालिका र मालिङ प्राथमिक अस्पताल भवन उद्घाटन गर्न जाँदाको दृश्य झनै रोचक देखिन्थ्यो । पञ्चेबाजासहित परम्परागत गुरुङ वेषवुषामा सजिएका आमा समूहले आफ्ना अभिभावक एवं नेतालाई फूलमालाले स्वागत गरे । दहीमा मुछिएको सेतो टीका लगाउँदै मन्त्री गुरुङको हातमा सयपत्री फूल थमाउँदै ७७ वर्षीय एक वृद्धले भने, 'राम्रो गरेका छौ, अझै राम्रो गर्नु है छोरा ।'

गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा उनले ल्याएका थुप्रै विकासनिर्माणका योजना प्रशंसनीय रहेको स्थानीय सम्झन्छन् । वर्षौंदेखि एउटै कोठामा खुम्चिएको प्राथमिक अस्पतालको सुविधा सम्पन्न भवन मन्त्री गुरुङकै पहलमा निर्माण भएको छ । सेवाग्राहीलाई बस्ने ठाउँसमेत नभएको पालिकाको प्रशासकीय भवन निर्माण भएपछि गाउँमै सिंहदरदबार आएको स्थानीयले महसुस गरेका छन् । क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले पालिकाको भवन निर्माण भई उद्घाटन भएपछि अब दैनिक कार्य प्रणाली थप जनमुखी र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यसबाट जनतालाई परिवर्तनको महशुस हुनेगरी काम गर्न हौसला मिलेको बताए ।

'हामीले भवन मात्र होइन, स्थानीय सिंहदरबार पाएका छौँ', उनले भने, 'जनताको सेवालाई प्रविधिमैत्री बनाउँदै छिटो र सहज सेवा प्रदान गर्नेतर्फ उन्मुख हुनेछौँ ।' मन्त्री गुरुङले हालै चीनसँग गरेका विभिन्न सम्झौताबारे बुझिनेगरी सो अवसरमा स्थानीयवासीलाई अवगत गराएका थिए ।

गाउँमा व्यापार र रोजगारीका प्रशस्त सम्भावना रहेको बताउँदै उनले चीनलाई मकैको घाँस बेचेर आयआर्जन गर्न सकिने बताए । 'हामीले चीनसँग सम्झौता गरेका छौँ, अब मकैको घाँस चीनमा बिक्री हुन्छ । घाँस लगाउनुहोस्', मन्त्रीले यसो भनेको सुनिरहेकी स्थानीय रुपाकुमारी गुरुङ आश्चर्यचकित भइन् । गाउँमा घाँस बेचेर जीविकोपार्जन गर्न सकिने सम्भावना सुन्दा उनको मन कतै आशावादी देखिन्थ्यो । उनले रमाइलो भावमा भनिन्, 'अहा कस्तो नयाँ कुरा ! चीनमा घाँस बेच्ने ! मन्त्रीले भने जस्तै हो भने त अब यहीँ घाँस बेची पैसा कमाउँला, विदेश किन जाउँला, आयस्रोत भइदिए गावैं रमाइलो ।'

# मधेशमा अपांगता भएका बालबालिका बढी



**जनकपुरधाम/मस–** मधेश प्रदेशका जिल्लामा अन्य प्रदेशका तुलनामा अपांगता भएका बालबालिकाको संख्या बढी रहेको छ । राष्ट्रिय बालअधिकार परिषद्को आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा सम्पन्न प्रदेशस्तरीय छलफल कार्यक्रममा मधेशमा अन्य प्रदेशका तुलनामा अपांगता भएका बालबालिका बढी रहेका जानकारी दिइएको हो ।

मधेशका जिल्लामा बालबालिकाको कुल जनसंख्याको १५ दशमलव दुई प्रतिशत अपांगता भएका बालबालिका रहेकाले उनीहरूको शिक्षा तथा अन्य सामाजिक सेवाको क्षेत्रमा विशेष ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिइएको हो।

प्रस्ततु प्रतिवेदन अनुसार राष्ट्रियस्तरमा एक दशमलव २३ प्रतिशत अपांगता भएका बालबालिका रहेकामा मधेशमा बढी रहेको पाइएको परिषद्का प्रशासन महाशाखाका प्रमुख एवं सूचना अधिकारी रामबहादुर चन्दले जानकारी दिए। उनीहरूको स्वास्थ्य शिक्षा तथा सीप विकाससँगै रोजगारीमा नीतिगत तहदेखि नै योजना बनाएर कार्यान्वयन गर्दै जानुपर्नेमा उनले जोड दिए । अपांगता हुनसक्ने जोखिम कम गर्न गर्भवतीको नियमित स्वास्थ्य जाँचसहित स्वस्थ खानपानमा विशेष ध्यान दिनुपर्ने चन्दद्वारा प्रस्तुत कार्यपत्रमा उल्लेख गरिएको छ ।

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीका प्रतिनिधि दिपक माझीले कार्यपत्र प्रस्तुत गर्दै गर्भमा रहेको शिशुको नियमित परिक्षण गरी स्वास्थ्य अवस्था पहिचान गरेर सुरक्षाका कदम चालेमा जन्मँदै अपांगता हुनेको संख्यामा कमी ल्याउन सकिने धारणा राखे ।

राष्ट्रिय बालअधिकार परिषद्का मधेश प्रदेशका बालअधिकारीकर्मी सञ्जीव महतोले खास गरेर अपांगता भएका बालबालिकाको स्वास्थ्य र शिक्षामा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन कार्यक्रम आयोजना गरिएको जानकारी दिँदै तीनै तहका सरकारले यसमा विशेष योजना बनाएर काम गर्नुपर्नेमा जोड दिए। जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले अपांगता भएकाको स्वास्थ्य र शिक्षाका क्षेत्रमा उपमहानगरले योजनाबद्ध रूपमा काम गरिरहेको बताउँदै अपांगता भएकाको वर्गीकरण गरेर सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र दिन थालिएको जानकारी दिइन् ।

मधेश प्रदेशका नीति तथा योजना आयोगकी सदस्य डा.शिला मिश्रले प्रदेश सरकारले अपांगमैत्री संरचनाको निर्माण गर्नुपर्नेमा जोड दिँदै फरक क्षमता भएका व्यक्तिका लागि विभिन्न प्रकारको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम गर्दै आइएको उल्लेख गरिन् ।

# स्वास्थ्य स्वयंसेविकाको गुनासो : 'राज्यले बुझेन हाम्रो दुःख'



**घोराही (दाङ)/मस–** दाङको घोराही उपमहानगरपालिका-६ निवासी माया चौधरी २०४६ सालदेखि महिला स्वास्थ्य स्वयंसेविकाका रूपमा काम गरिरहेका छन् । लामो समयदेखि स्वयंसेविकाको काम गरे पनि राज्यले दुःख बुझ्न नसकेको उनको गुनासो छ। 'स्वयंसेविकाका रूपमा काम गर्दा राज्यले हाम्रो मूल्यांकन गर्न सकेन', उनले भनिन् । आफ्नै खर्चमा गाउँ-गाउँ पुग्ने गरेको उनी बताउँछिन् ।

घोराही-१२ निवासी इमाकुमारी शर्माले पनि महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गर्दा खाजा खर्चसमेत नपाएको गुनासो गरिन् । 'हामीले दुःखमात्र गरेका छौँ, श्रमको उचित मूल्य पाउन सकेका छैनौँ', उनले भनिन् । सुविधाका नाममा बैठक भत्ता रु चार सय ५०, वार्षिक पोशाक भत्ता रु १० हजार, खोप लगाउँदा तथा औषधि खुवाउँदा दैनिक रु चार सय र त्यसभन्दा अरू प्राप्त गर्न नसकेको उनले बताइन् ।

घोराही-१९ निवासी निर्मला पुनले भौगोलिक रूपमा विकट सैघामा काम गर्दा धेरै समस्या भोग्नुपरेको बताइन् । 'घण्टौं हिँडेर घरघरमा पुग्नुपर्छ तर राज्यको तर्फबाट कुनै सहयोग पाउन सकेका छैनौं', उनले भनिन्, 'वर्षौंदेखि गरेको कामका आधारमा सरकारले सेवा सुविधा दिन आवश्यक छ ।'

घोराही-३ निवासी जुनकुमारी रोकामगरले सञ्चारको सहज पहुँच नहुँदा काम गर्न समस्या भएको बताइन् । घोराही उपमहानगरपालिका-९ निवासी शान्ता केसी २०४५ सालदेखि महिला स्वास्थ्य स्वयंसेविका रूपमा काम गर्दै आएकी छिन् । उनले ३६ वर्षदेखि निःशुल्क काम गर्दै आएको बताइन् । यत्तिका वर्षसम्म काम गर्दा पनि राज्यले सहयोग नगरेको उनको भनाइ छ । गाउँगाउँमा स्वास्थ्यका सूचक संकलन तथा स्वास्थ्य सचेतनाको काममा सरकारले खटाउने गरे पनि सेवा सुविधा दिन कन्जुस्याइँ गरेको उनको गुनासो छ । उनी भन्छिन्, 'हाम्रो श्रमको मूल्यांकन राज्यले गरेन ।' केही दिन अघि यहाँ महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयोजित एक अभिमूखीकरण कार्यक्रममा उनीहरूले यस्तो गुनासो गरेका हुन् ।

# केही नेपाल ऐन संशोधन विधेयकमाथि छलफल

**काठमाडौं/मस–** कानुन, न्याय तथा मानव अधिकार समितिमा आइतबार केही नेपाल ऐन संशोधन विधेयकमाथि छलफल भएको छ ।

छलफलमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले केही नेपाल ऐन संशोधन विधेयकको दफा ६४ मा भएको व्यवस्था जनहितमा नभएकाले फिर्ता लिएको बताए । उनले तत्कालीन कानुनमन्त्री धनराज गुरुङले उक्त व्यवस्था जनहितमा नभएकाले संसद र समितिबाटै फिर्ता लिइसकेको बताए ।

'मुलुकी फौजदारी कार्यविधि ऐन, २०६४ मा संशोधनका लागि प्रस्ताव गरिएको सो व्यवस्था संसद् र समितिबाट फिर्ता लिइसकेको अवस्था छ', मन्त्री चौरसियाले भने,'उक्त दफाको व्यवस्थाबारे चौतर्फी विरोध भयो, त्यसैले फिर्ता दिइएको हो, आवश्यक परेमा दलहरुबीच छलफल गरेर अगाडि बढौँला ।'

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को धारा ६४ मा संशोधनमा शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मद्दा फिर्ता लिन सकिने व्यवस्था गरेको थियो । उक्त दफामा सशस्त्र द्वन्द्व वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए जुनसुकै अदालतको जुनसुकै तहमा रहेको मुद्दासमेत सरकारले फिर्ता लिनसक्ने प्रावधान थियो । उक्त कानुनको गलत प्रयोग हुन सक्ने आशंकाले विरोध भएको थियो ।

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले दफा ६४ फिर्ता लिएको र आवश्यक परे दलहरूबीच सहमति गरेर छुट्टै कानुन बनाउन सकिने बताए । सांसदहरूले भने उक्त दफामा भएको व्यवस्था समितिलाई जानकारी नै नदिइ हटाएको भन्दै हटाउनुपर्नाका कारणबारे जानकारी दिनेबारे आफ्नो धारणा राखेका थिए।

# 'सिक्लेसको मौलिकता पर्यटनको महत्त्वपूर्ण आधार'




**पोखरा/मस–** कास्कीको पर्यटकीय गाउँ सिक्लेसको मौलिकता संरक्षण गर्नुपर्नेमा पर्यटन व्यवसायीले जोड दिएका छन् ।

गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशको आयोजनामा शनिबारदेखि सुरु पोखरा हुँदै सिक्लेस-कपुचे-कोरी-क्होलासोँथर-याङ्जाकोटबाट पुनः पोखरासम्मको पदमार्ग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सिक्लेसमा आयोजित अन्तरक्रियाका सहभागीले सिक्लेसको मौलिकता गुम्न दिन नहुनेमा जोड दिएका हुन् ।

गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङले सिक्लेसको संस्कार र संस्कृति यहाँको मौलिकता भएको बताइन् । मौलिकतालाई जोगाउँदै पर्यटकीय विकास गर्नुपर्नेमा उनको जोड छ ।

